# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १८ | काठमाडौं | आइतबार, २८ वैशाख २०८२ | Prabhab National Daily | Sunday, May 11 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-


## भारत र पाकिस्तान युद्धविराममा सहमत

- सैन्य कारबाही रोक्न सहमत भएको दुवै देशद्वारा पुष्टि
- अमेरिकाको मध्यस्थताले युद्धविराम सम्भव भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भनाइ
- सैन्य अपरेसनका महानिर्देशकहरूबीच सोमबार वार्ता हुने

■ **प्रभाव डेस्क**



**काठमाडौं–** भारत र पाकिस्तानबीचको सैन्य तनाव तत्काललाई रोकिने भएको छ । पहलगाम घटनालाई लिएर एक-अर्काविरुद्ध आक्रमणमा उत्रिएका दुई देश शनिबार सैन्य कारबाही रोक्ने सहमतिमा पुगेका हुन् । दुवै देशका विदेशमन्त्रीले युद्धविरामका लागि सहमति भएको पुष्टि गरेका छन् ।

भारतीय विदेशसचिव विक्रम मिश्रीले पाकिस्तानका सैन्य अपरेसन महानिर्देशकले यसअघि भारतीय समकक्षीसँग सम्पर्क गरेको र दुवै पक्षले स्थल, समुद्र र हवाई क्षेत्रमा भारतीय समयअनुसार शनिबार साँझ ५ बजेदेखि लागू हुनेगरी सबै सैन्य कारबाही रोक्न सहमत भएको पुष्टि गरे । मिश्रीका अनुसार युद्धविराम लागू गर्न निर्देशन जारी गरिएको छ र भोलि मे १२ को मध्याह्नमा डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डिजिएमओ) स्तरीय अर्को चरणको वार्ता हुने छ ।

'पाकिस्तानको डाइरेक्टर जनरल अफ मिलिटरी अपरेसन (डिजिएमओ) र भारतीय डिजिएमओबीच शनिबार अपराह्न फोनवार्ता भएको र उनीहरूबीच भारतीय समयअनुसार साँझ ५ बजेदेखि जमिन, आकाश र समुद्रमा सबै प्रकारका गोलाबारी र सैन्य कारबाही रोक्ने सहमति भएको छ,' विदेशमन्त्री मिश्रीले भने, 'दुवै पक्षलाई आजैदेखि यो समझदारीलाई प्रभावकारी बनाउन निर्देशन दिइएको छ । सैन्य अपरेसनका महानिर्देशकहरूबीच सोमबार (मे १२) मध्याह्न १२ बजे फेरि कुरा गर्ने छन् ।'

यसअघि शनिबार एक प्रेस ब्रिफिङका क्रममा मिश्रीले पाकिस्तानले भारतविरुद्ध गरिरहेको कारबाहीलाई 'उत्तेजक' प्रकृतिको रूपमा हेरिएको बताएका थिए ।

पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक डारले पनि युद्धविरामको पुष्टि गर्दै भने, 'पाकिस्तान र भारत तत्काल लागू हुनेगरी युद्धविराम गर्न सहमत भएका छन् ।' उनले भने, 'पाकिस्तानले आफ्नो सार्वभौमिकता र क्षेत्रीय अखण्डतामा कुनै सम्झौता नगरी यस क्षेत्रमा शान्ति र सुरक्षाका लागि सधैं प्रयास गर्दै आएको छ ।'

क्रमशः पृष्ठ २ मा

## पहिचानपक्षधरको जनमत तान्ने दाउ

■ **जेबी योञ्जन**

**काठमाडौं–** मुन्धुमिक कथनअनुसार 'सिलाम साक्मा'ले मृत्युको बाटो छेक्छ । परापूर्वकालदेखि देशको पूर्वी भेगमा बस्ने लिम्बू जातिका मानिसहरू मुन्धुममा आधारित अनुष्ठान कार्य तङ्सिङ गर्दा सिलाम साक्मा प्रयोग गर्दछन् ।

शनिबार पाँचथरको फिदिम पुगेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको देब्रे छातीमा त्यही सिलाम साक्मा देखियो । कोटमा बुट्टा पनि त्यसकै थियो । यत्ति लगाएपछि पोसाकका आधारमा दाहाल पहिचानी नेता देखिए ।

यस्तो पहिरन पहिर्‍याएर पहिचानबारे अध्यक्ष दाहाललाई बोल्न पार्टीको पाँचथर कमिटीले मनोवैज्ञानिक दबाब सिर्जना गरेको रूपमा अर्थ्याइएको छ । कारण, पछिल्ला वर्षहरूमा दाहाल र उनी नेतृत्वको माओवादीलाई पहिचानको मुद्दामा 'बेइमान' भएको आरोप छ । माओवादी पहिचानपक्षधर दल नभएको बुझाइ पूर्वी भेगमा छ । यस्तोमा पोसाकका आधारमा पहिचानवादी नेता देखिएका दाहालले भने, 'पहिचानको मुद्दालाई हामीले कहिले पनि छोडेको चाहिँ होइन ।'



पहिचानको मुद्दालाई सशक्त बनाउन भने माओवादीबाट कमजोरी भएको स्वीकारे । अब कमजोरी नगर्ने उनको प्रतिज्ञा छ । 'यो (पहिचान) मुद्दालाई जति दरोसँग आन्दोलनको विषय बनाउनुपर्थ्यो र यो मुद्दालाई जसरी सडक, सदन र सरकारको मोर्चाबाट सशक्त ढंगले उठाउनुपर्थ्यो, कहीँ न कहीँ हाम्रो लुज भएकै हो,' उनले भने, 'अब लुज हुन दिइने छैन ।'

दाहाल पुगेको पाँचथर पहिचानको आन्दोलन जुरुक्कै उठेको भूमि हो । पहिचानवादी मोर्चाका संयोजक प्रा.डा. महेन्द्र लावती त्यहीँका हुन् । लामो समयदेखि पहिचान आन्दोलनमा रहेको दल संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देनको घर पाँचथरै हो । त्यहाँ पहिचानको पक्षमा नकार्न नमिल्ने जनमत छ ।

पूर्वोत्तर छिमेकी जिल्ला ताप्लेजुङ र दक्षिण-पश्चिमको इलाममा पनि पहिचान आन्दोलन जीवन्त छ । इलाम-२ मा त पहिचानपक्षधरको जनमत परीक्षण भइसकेको छ । त्यहाँ उपचुनावमा डकेन्द्रसिंह थेगिमले ११ हजारभन्दा बढी मत पाए । ताप्लेजुङमा पनि मुक्कुम्लुङमा नो केबुलकार आन्दोलनले पहिचानको मुद्दालाई स्थापित गरेको छ ।

पूर्वी तराईका तीन जिल्ला झापा, मोरङ, सुनसरीदेखि कोशीका दुई जिल्ला तेह्रथुम र धनकुटा होस् वा खोटाङ, भोजपुर, संखुवासभा, सोलखुम्बु, ओखलढुंगालगायत जिल्लामा पनि पहिचान आन्दोलनको माहोल छ । पहिचान पक्षधरहरूको मुख्य माग छ- प्रदेशको नाम कोशी खारेजी ।

क्रमशः पृष्ठ २ मा

> पहिचानको मुद्दालाई जति दरोसँग आन्दोलनको विषय बनाउनुपर्थ्यो । यो मुद्दालाई जसरी सडक, सदन र सरकारको मोर्चाबाट सशक्त ढंगले उठाउनुपर्थ्यो, कहीँ न कहीँ हाम्रो लुज भएकै हो । अब लुज हुन दिइने छैन ।
>
> **पुष्पकमल दाहाल**
> अध्यक्ष, माओवादी केन्द्र

**सन्दर्भः वैदेशिक रोजगार**

## बोर्डको सीपमूलक तालिममा आकर्षण अवधि छोटो हुँदा अपूरो भएको गुनासो

> बोर्डको तालिमा राम्रो छ । तर विदेश जानलाई यसले मात्र त पुग्दैन । एक महिनाको तालिमलाई बाहिर 'फ्रेसर' नै मान्छ । नेपालमै काम गर्नका लागिचाहिँ बेस बन्छ ।
>
> **रिभस भण्डारी**
> प्रशिक्षार्थी, मोरङ

> यो तालिम सीप सिकाउन, आन्तरिक रोजगारी सिर्जना गर्न र वैदेशिक रोजगारीमा जानेलाई दक्ष बनाउने उद्देश्यले दिइरहेका छौं । अनुभवी भन्दा पनि 'फ्रेसर'हरूलाई प्राथमिकता दिएका छौं ।
>
> **गुरुदत्त सुवेदी**
> निर्देशक तथा प्रवक्ता, वैदेशिक रोजगार बोर्ड



*एआईको सहयोगमा तयार पारिएको तस्बिर*

■ **ममता थापा**

**काठमाडौं–** सिरहाको मिर्चैयाका सुरेन्द्रकुमार महराले गत वर्षको असारमा वैदेशिक रोजगार बोर्डले सञ्चालन गरेको सीपमूलक तालिम लिए । इलेक्ट्रिसियनको तालिम लिएका महरा अहिले मिर्चैयामै हाउस वायरिङ गर्छन् । हुन त उनी कतारमा इलेक्ट्रिसियन गरेरै फर्किएका हुन् । विदेशमा र यहाँ के फरक रहेछ भनेर तालिम लिन गएको उनले बताए ।

'कुनै ठाउँमा काम गर्न जाँदा तालिम आवश्यक पर्छ । कतिपय ठाउँमा सिस्टम फरक पर्छ, त्यही भएर पनि तालिम लिएको हो,' उनी भन्छन् । आफूले युटचुबबाट हेरेर प्लम्बरको पनि काम सिकेकाले दुवै काम सँगसँगै गर्ने गरेको उनी बताउँछन् । 'यसरी तालिम दिनु धेरै राम्रो हो । सीप सिक्दा काम लाग्छ । फेरि तालिम लिन नागरिकताको फोटोकपी गर्नमात्र खर्च लाग्यो । तालिमभरि खाजा पनि त्यहीँ दिन्थ्यो,' महराले भने ।

मोरङ गछियाका रिभस भण्डारीले बोर्डले प्रदान गरेको कुकको तालिम लिए । होटल म्यानेजमेन्ट पढेका रिभसले वैदेशिक रोजगारीमा जाने मनस्थिति बनाएपछि तालिम लिएका हुन् । उनी कुकमै फ्रान्स जाने तरखरमा छन् । बोर्डले राम्रोसँग तालिम दिएको र प्रशिक्षकहरू पनि मिलनसार लागेको उनले बताए । तर विदेश जान बोर्डकै तालिममात्र पर्याप्त नहुने उनले बताए । 'विदेश जानलाई यसले मात्र त पुग्दैन । एक महिनाको तालिमलाई बाहिर फ्रेसर नै मान्छ । नेपालमै काम गर्नका लागिचाहिँ राम्रो बेस बन्छ,' उनले भने ।

सागर चौधरीले पनि बोर्डबाट मेसन (गारो लगाउने) तालिम लिएका थिए । दाङको गढवा गाउँपालिकाका उनले तालिम लिएपछि गाउँमै मेसनको काम गर्न थालेका छन् । मिल्यो भने विदेश जाने सोचमा पनि छन् । गाउँमै काम गर्दा पनि राम्रै भइरहेको उनको भनाइ छ । 'पहिला अलिअलि काम त गर्थें तर तालिम लिएपछि धेरै कुरा जानेकै रहेनछु जस्तो लाग्यो,' उनले भने । तालिम छोटो भएको र छोटो समयमा सबै कुरा भने सिक्न नसकिने उनी बताउँछन् । 'यो त हामीले पहिलो चरण सिकेजस्तो हो । भर्खर एक कदम त चालियो अझै कति छ सिक्न । अलि लामो समय सिकाए हुन्थ्यो,' चौधरी भन्छन् ।

मिर्चैयाकै उमेश यादवले पनि प्लम्बरको तालिम लिएका थिए । उनी एक वर्ष कतार गएर आएका हुन् । कतारमा विश्वकप सकिएपछि आफूहरू फर्किनुपरेको उनले बताए । तालिम लिए पनि खासै काम नपाइएकाले फेरि प्लम्बिङमै कतार जाने तयारीमा रहेको उनले बताए ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं**

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तनपन सम्बन्धि उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

## पहिचानपक्षधरको ...

उनीहरूले ऐतिहासिक पृष्ठभूमिको आधारमा प्रदेशको नामकरणमा जोड दिएका छन् ।

तर, दाहालको दल माओवादी पनि तत्कालीन १ नम्बर प्रदेशको नामकरणमा १७ फागुन २०७९ मा पहिचानविरोधी कित्तामा उभियो । त्यहाँका माओवादी सांसदहरूले अहिलेको प्रदेश नाम कोशीमा हस्ताक्षर गरेका छन् । माओवादीको प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले त किरात प्रदेशबाहेकमा औंला काटिए पनि हस्ताक्षर नगर्ने बताएका थिए । तर, उनीसमेतका माओवादी सांसदहरूले कांग्रेस, एमाले र राप्रपा सांसदहरूकै दुईतिहाइ बहुमत छँदाछँदै प्रदेश नाम कोशीमा मतदान गरे । पहिचानपक्षधरहरूको शब्दमा भन्दा अहिलेको पहिचानविरोधी नाम कोशी राख्न माओवादीको पनि हात छ ।

यो राजनीतिक घटनाले पनि माओवादीलाई पहिचानपक्षधर हरूले बेइमान भन्दै आएका छन् । पहिचानको मुद्दा केवल राजनीतिक नारामात्रै माओवादीले बनाएको टिप्पणी हुने गरेको छ । यस्तोमा दाहालले पहिचान पक्षधरहरूलाई फकाउने प्रयास गरेका छन् । 'म तपाईंहरूलाई अपिल गर्न चाहन्छु, तपाईंहरू हामी (माओवादी)लाई शक्ति दिनुहोस् । हामी यो प्रदेशको नाम संशोधन गरेर पहिचानको आधारमा नै यसको नामकरण गर्ने पहल गर्ने छौं । यो विश्वास तपाईंहरूलाई म दिलाउन चाहन्छु,' उनले भने ।

कोशीमा पहिचान पक्षधरहरूले दल निर्माण गर्न खोजिरहेका छन् । अढाइ वर्षपछि हुने आमनिर्वाचनअघि नै दल निर्माण तयारीमा पहिचान पक्षधरहरू छन् । यसबारे पहिचानवादी मोर्चाका संयोजक डा. लावतीले खुलाएका छन् । शनिबार पहिचानवादी मोर्चा घोषणाको एक वर्ष पूरा भएको अवसरमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पहिचानवादीहरूको सशक्त वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्दै आन्तरिक चुनौतीहरूलाई चिर्दै सशक्त पहिचानवादी जनक्रान्तिको माध्यमबाट नयाँ राज्यसत्ताको स्थापना गर्ने ।' यसले पहिचान पक्षधरहरू नयाँ दलमा संगठित हुन लागेको देखिन्छ । यहीबेला दाहालले पूर्वी भेग पुगेर पहिचान पक्षधरहरूसँग साथ मागेका हुन् । उनले त्यहाँ पहिचानको माहोल बनेको देखेका छन् ।

पहिचान राजनीतिबारे लेख्दै आएका लेखक तथा विश्लेषक भवानी बरालका अनुसार पहिचान पक्षधरहरूले बनाएको जनमतलाई दाहाल 'हाइज्याक' गर्न चाहन्छन् । उनले प्रभावसँग भने, 'प्रधानमन्त्री ओली पहिचान पक्षधरहरूको दृष्टिमा पहिचानविरोधी नेता हुन् । उनीभन्दा दाहाललाई अलिक पहिचान पक्षधर हुन् कि भन्ने बुझाइ प्रदेशमा छ र यहाँ पहिचान पक्षधरको जनमत देखिँदै गएको छ । यस्तोमा उनी हाइज्याक गर्न चाहन्छन् ।'

दाहालको दल माओवादी पहिलो संविधानसभामा एकल जातीय पहिचानको पक्षमा थियो । यस आधारमा १४ प्रदेशको खाका प्रस्तुत गरेको थियो । हालको कोशीका भूभागमा लिम्बुवान, अवध र खुम्बुवान गरी तीन प्रदेश प्रस्तावित थियो । तर, ३ असोज २०७२ मा संविधान जारी संविधानमा जातीय पहिचानको मुद्दालाई त्यागेको माओवादीलाई आरोप लागेको थियो । २०७४ को चुनावपछि ओलीको नेतृत्वमा नेकपाको सरकार बन्दा उनकै मौन स्वीकृतिले ३ नम्बर प्रदेश बागमती, ४ नम्बर प्रदेश गण्डकी, ५ नम्बर प्रदेश लुम्बिनी, ६ नम्बर प्रदेश कर्णाली र ७ नम्बर प्रदेश सुदूरपश्चिम नामकरण भएको पहिचान पक्षधर हरूको बुझाइ छ । उनै दाहालले पाँचथर पुगेर विगतमा केही कमजोरी भएको भन्दै पहिचान पक्षरसँग मत मागेका हुन् ।

■■■

## भारत र...

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोले दुवै देश युद्धविरामका लागि सहमत भएका सार्वजनिक गरेका थिए । अमेरिकी राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा शनिबार अपराह्न पोस्ट गर्दै अमेरिकाको मध्यस्थताले यो सम्भव भएको भन्दै दुवै देशलाई बधाइ दिएका थिए । उनले लेखेका छन्, 'रातभरिको निरन्तर कुराकानी र अमेरिकाको मध्यस्थताका कारण भारत र पाकिस्तानबीच पूर्णरूपमा र तुरुन्तै युद्ध विराम गर्न सहमति भएको घोषणा गर्न पाउँदा म खुसी छु । विवेक र सही विचारसहितको यस कदमका लागि म दुवै देशलाई बधाइ र धन्यवाद दिन चाहन्छु ।'

अमेरिकी विदेशमन्त्री रुबियोले दुवै देश तटस्थस्थलमा व्यापक विषयमा वार्ता सुरु गर्न सहमत भएको बताएका थिए । अमेरिकी विदेशमन्त्री रूबियोले भने, 'बितेका ४८ घण्टामा उपराष्ट्रपति भान्स र मैले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफ, भारतका विदेशमन्त्री सुब्रमण्यम जयशंकर, सेनाप्रमुख असिम मुनीर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजीत डोभाल र असिम मलिकलगायत भारत र पाकिस्तानका वरिष्ठ अधिकारीसँग कुराकानी गरेका छौं ।'

उनले अगाडि भने, 'भारत र पाकिस्तानका सरकारहरू तत्काल युद्धविराम गर्न र तटस्थ स्थलमा व्यापक मुद्दाहरूमा वार्ता सुरु गर्न सहमत भएको घोषणा गर्न पाउँदा मलाई खुसी लागेको छ । हामी प्रधानमन्त्री मोदी र सरिफलाई शान्तिको बाटो रोज्ने बुद्धिमत्ता, विवेक र राजनेताको प्रशंसा गर्दछौं ।'

यसअघि गत मे २ मा पहलगाममा भएको आतंककारी हमलाको जवाफमा भारतले मे ७ मा 'अपरेसन सिन्दूर' चलाएको थियो । उक्त आक्रमणमा परी २६ जना पाकिस्तानी सर्वसाधारणको मृत्यु भएको थियो । पाकिस्तानले पनि जवाफी कारबाही चलाएको थियो जसका कारण भारतीय सर्वसाधारणसहित केही सुरक्षाकर्मीको हताहत भएको थियो । (एजेन्सीको सहयोगमा)

■■■

## बोर्डको सीपमूलक...

अहिले उनी गाउँमै प्लम्बिङको तालिम दिने काम गर्छन् । 'अहिले गाउँका कतिबेला तालिम आउँछ भनेर सोध्ने गरेको छ । सीप सिके पो केही गर्न सकिन्छ । अहिले त महिलाहरू पनि धेरै जान थालेको छ तालिममा । ब्युटिसियन, सिलाइकटाइ सिक्न थालेको छ,' उनले भने ।

सुनसरीको इटहरीकी पूजा भण्डारीका श्रीमान् विदेशमा छन् । विदेश गएकाको परिवारलाई पनि बोर्डले तालिम दिन्छ भन्ने थाहा पाएपछि उनले पनि कुकको तालिम लिइन् । त्यसपछि उनी इटहरीमै काम गर्दै छिन् । तालिम राम्रो भए पनि काम गर्न भने पर्याप्त नभएको उनी बताउँछिन् । 'यस्तो तालिम त धेरै राम्रो हो । अहिले कुक नै गर्दै छु । तर काममा जाँदा तालिममा सिकेको कुराले अलि पुगेन, थोरै समय त सिकियो,' उनले भनिन् ।

बोर्डको एक महिने तालिम यसपालि पनि गत वैशाख १५ गतेबाट देशभर सञ्चालन भइरहेको छ । बोर्डका अनुसार अघिल्लो वर्ष पाँच हजारभन्दा बढीलाई दिइएको तालिम यस वर्ष २० हजारभन्दा बढीलाई दिइँदै छ । यसका लागि ४० करोडभन्दा बढी खर्च लागेको बोर्डले जनाएको छ । वैदेशिक रोजगारीबाट फर्किएकालाई स्वदेशमै काम गर्ने वातावरण सिर्जना गर्न र सीप नजानेकाहरूलाई सीप सिकाउन तालिम सञ्चालन गरिएको बोर्डका निर्देशक तथा प्रवक्ता गुरुदत्त सुवेदी बताउँछन् ।

'यो तालिम सीप सिकाउन, आन्तरिक रोजगारी सिर्जना गर्न र वैदेशिक रोजगारीमा जानेलाई दक्ष बनाउने उद्देश्यले दिइरहेका छौं,' उनले भने । बोर्डले करोडौं खर्च गरेर सीप नभएकाहरूलाई सीपयुक्त बनाउन खोजेको उनको भनाइ छ । 'पहिल्यै काम जानिसकेर तालिम कस्तो हुँदो रहेछ भन्नेहरूभन्दा पनि फ्रेसरहरूचाहिँ हाम्रो प्राथमिकतामा छन् । उनीहरू सीपयुक्त होउन्, थोरै पैसामा काम गर्न नपरोस् भनेर हो,' सुवेदीले भने ।

सरोकारवालाहरूले भने बोर्डको तालिमलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । राज्यको धुकुटीबाट खर्च गरेर दिइने तालिम औपचारिकतामा मात्रै सीमित हुन नहुने उनीहरूको जोड छ ।

---

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको मार्गाधिकार भित्र पर्ने रूखहरु नियमानुसार कटान मुछान भई समूहलाई हस्तान्तरण भएको घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १४१ को ११५४.२२ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**गौरीशंकर सामुदायिक वन उपभोक्ता समूह**
**बकैया - १२, मकवानपुर**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २० को २२५.७३ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बागभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ४, मकवानपुर**

### कम्पनीको नाम/स्थान परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/२८**

यस कम्पनीको मिति २०८२/०१/०२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भिमेश्वर स्लेट ढुङ्गा रिसर्च** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **गौरीशंकर स्पोट्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गौरीशंकर स्पोट्स** (**प्रा.लि.नं.**३१३७७६) र साविकको ठेगानाः **दोलखा**, **गौरीशंकर गाउँपालिका-८**, संशोधित ठेगानाः **काठमाडौं**, **बूढानिलकण्ठ नगरपालिका-१२**, कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

---

### साना किसान कृषि सहकारी संस्था लिमिटेड

रघुनाथपूर, सबैला नगरपालिका-१२,धनुषा
मधेश प्रदेश, नेपाल

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

सूचना नं: ०१-८१/८२
सूचना प्रकाशन मितिः २०८२/०१/२८

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१औ दिन (मिति २०८२/०२/२८ गते) को १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | SKKSSL/ Goods/ 01-081/082 | Supply and Installation of Different Machines For 2000 Kg/Hr Boiler Rice Steam Plant. | 1,01,76,991.15 | 2,87,500.00 | 3,000.00 |


### युएइमा रोजगार

कम्पनी : NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२७ | LT. No. 319094 | चलानी नं. ६०२३७४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 400 | 400 | 1200 | ४४,५८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
काठमाडौ, ब्रदर्श अफिसमा मितिः २०८२ जेठ ७ र १० गते ( 21st and 24th May. 2025) मा हुनेछ । चितवन, भरतपुर गार्डेन होटलमा मितिः २०८२ जेठ ४ गते (18th May. 2025) मा हुनेछ ।
पोखरा, बाजेको सेकुवा पोखरामा मितिः २०८२ जेठ ५ गते (19th May. 2025) मा हुनेछ । बुट्वल, रोज पार्टी प्यालेसमा मितिः २०८२ जेठ ६ गते (20th May. 2025) मा हुनेछ ।
इटहरी, मुनाल ट्रेनिङ सेन्टरमा मितिः २०८२ जेठ ८ गते (22nd May. 2025) मा हुनेछ । झापा, टाइमलेस होटलमा मितिः २०८२ जेठ ९ गते (23rd May. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Itahari Contact No: 9816368105/9810591900



### युएईमा रोजगार

कम्पनी : SEC GULF SECURITY SERVICES LLC.

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323451 | चलानी नं. ६०२३७५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 2 | 2000 | ७४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ४ गते (18th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MARHABA INTERNATIONAL OVERSEAS PVT.LTD.
Kathmandu-32, Koteshwor, Nepal Phone No.01-5924220,9841576232



### साउदीमा रोजगार

कम्पनी : MASCO GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323612 | चलानी नं. ६०२३७५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 75 | 0 | 1000 | ३६,३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ४ देखि ६ गते सम्म (18th to 20th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1096/073/74
YATRA H.R. SOLUTION
Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com



### युएइमा रोजगार

कम्पनी : Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323525 | चलानी नं. ६०२३७५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 140 | 0 | 1050 | ३९,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

डकुमेन्ट संकलन भइरहेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला । साथै प्रतिदिन काम गर्ने १० घण्टाको मासिक तलब ने.रू. ४९,७०० (AED 1335) रहनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com


---

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, २८ वैशाख, २०८२

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ वैशाख, २०८२ (११, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८४ | १३७.४४ |
| युरो | १ को | १५४.४९ | १५५.१७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८२.२२ | १८३.०२ |
| स्विस फ्रैन्क | १ को | १६५.७१ | १६६.४३ |
| अस्ट्रेलियन डलर | १ को | ८७.७८ | ८८.१७ |
| क्यानाडियन डलर | १ को | ९८.५५ | ९८.९८ |
| सिङ्गापुर डलर | १ को | १०५.५२ | १०५.९८ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | १८.९१ | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३६.४८ | ३६.६४ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७० |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२६ | ३७.४२ |
| मलेसियन रिङेट | १ को | ३१.९६ | ३२.१० |
| दक्षिण कोरियन वन | १०० को | ९.७७ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १४.१६ | १४.२२ |
| डेनिस क्रोनर | १ को | २०.७१ | २०.८० |
| हङकङ डलर | १ को | १७.६१ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४६.२७ | ४४८.२३ |
| बहराइन दिनार | १ को | ३६२.९६ | ३६४.५५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तामाङ समुदायको सबलीकरणमा स्थानीय तहले ध्यान दिनुपर्नेमा जोड

■ प्रभाव संवाददाता




**काठमाडौं–** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले तामाङ समुदायको साक्षरता दर बढाउनुपर्नेमा जोड दिएका छन् । शिक्षामा अरु जातिभन्दा पछि परेको तथ्यांक प्रस्तुत गर्दै उनले यस्तो बताएका हुन् । औसत साक्षरता प्रतिशतभन्दा तामाङहरूको शैक्षिक अवस्था न्यून रहेको उनले उल्लेख गरे ।

'नेपालको साक्षरता प्रतिशत ७६.२ प्रतिशत छ । तर तामाङको साक्षरता प्रतिशत ६२.६० छ । यो औसतभन्दा १३.६० न्यून हो,' शुक्रबार तामाङ पत्रकार संघले आयोजना गरेको स्थानीय तहको बजेटमा तामाङ समुदायका सवाल विषयक बहस कार्यक्रममा उपाध्यक्ष गुरुङले भने ।

उनले नेवारको साक्षरता प्रतिशत ८०.०७ प्रतिशत र गुरुङको ७४.३६ प्रतिशत रहेको उल्लेख गरे । तामाङ बाहुल्य स्थानीय तहहरूले शिक्षामा आफ्नो कार्यक्रम केन्द्रित गर्नुपर्ने उपाध्यक्ष गुरुङको भनाइ थियो । भाषा, शिक्षा र संस्कृति स्थानीय तहको अधिकार भएकोले स्थानीय तहले यसमा ध्यान दिनुपर्ने उनले बताए । त्यसैगरी आर्थिक हैसियत माथि उठाउन पनि स्थानीय सरकारले ध्यान दिनुपर्ने उनले बताए । 'दिगो विकास लक्ष्य (एसडिजी–२०३०) हासिल गर्न, सबैलाई बराबर बनाउन, तामाङहरूलाई आर्थिक, शैक्षिक रूपमा तथा निजामतीमा अरुसरह बनाउन स्थानीय सरकारले ध्यान दिनुपर्छ,' उपाध्यक्ष गुरुङले भने, 'यसका लागि संघीय सरकारले पनि यही अनुसारको नीति ल्याउनुपर्छ ।'

स्थानीय सरकारले बजेट बनाउन लागेको बेला स्थानीय तहका प्रमुखहरूको ध्यान आकृष्ट गराउन तामाङ पत्रकार संघले आयोजना गरेको कार्यक्रम एकदमै सान्दर्भिक भएको गुरुङले बताए । शुक्रबार ललितपुरको सिद्धार्थ कटेजमा संघले यसबारे स्थानीय तहका प्रमुखहरूसँग बहस गरेको हो ।

कार्यक्रममा काभ्रेको मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबा, रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामा, ललितपुरको कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामा, बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चन, धादिङस्थित रुबीभ्याली गाउँपालिकाका अध्यक्ष रामसिंह तामाङ, रसुवाको आमाछेदिङ्मो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ, दोलखाको मेलुङ गाउँपालिकाका अध्यक्ष हिराकुमार थोकर, काठमाडौंको गोकर्णेश्वर नगरपालिकाकी उपप्रमुख सान्नानी लामा र काभ्रेको तेमाल गाउँपालिकाका उपप्रमुख दलमान थोकर वक्ताका रूपमा सहभागी थिए । उनीहरूले तामाङ समुदायको क्षेत्रमा अहिलेसम्म आफूहरूले गरेको कामबारे जानकारी गराएका थिए । कार्यक्रमबाट प्राप्त सुझावहरूलाई पालिकाको आगामी कार्यक्रममा समेट्ने प्रतिबद्धतासमेत उनीहरूले जनाए ।

संघका प्रमुख सल्लाहकार सुवास योञ्जनले नीतिगत निर्णय गर्दा तामाङ समुदायलाई विशेष ध्यान दिन माग गरे । तामाङले रोजगारी पाउँदा देशलाई घाटा नहुने योञ्जनको भनाइ थियो । 'तामाङलाई पनि शिक्षित बनाउने योजना अघि सार्नुपर्छ । उनीहरूलाई रोजगारी दिन पर्‍यो,' योञ्जनले भने, 'यसले देशलाई घाटा हुँदैन ।' संघका अध्यक्ष नेत्र तामाङले स्थानीय तहको नीति तथा कार्यक्रम र बजेट बनाउँदा तामाङ समुदायको सवाललाई प्राथमिकतामा राख्न कार्यक्रममा सहभागी जनप्रनिधिहरूसँग आग्रह गरे ।

# लुम्बिनीमा तीन दिन बुद्धजयन्ती मनाइँदै




**रूपन्देही (प्रस)–** २५६९औं बुद्धजयन्ती तथा लुम्बिनी दिवस यही वैशाख २८, २९ र ३० गते लुम्बिनीमा विशेष उत्सवका रूपमा मनाइने भएको छ ।

लुम्बिनी विकास कोषले शनिबार लुम्बिनीमा पत्रकार सम्मेलन गरेर बुद्धको जन्म, बोधिज्ञान प्राप्ति र महापरीनिर्वाणको त्रियोग परेको दिन अर्थात् वैशाख पूर्णिमाका दिन विशेष समारोह हुने प्रचारप्रसार समितिका संयोजक ढुण्डीराज भट्टराईले जानकारी दिए ।

विशेष समारोहमा कोषका अध्यक्ष एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेसहित संघीय सरकारका मन्त्रीहरू, लुम्बिनी प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश मन्त्रिपरिषद्का सदस्य, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरू सहभागी हुने उनले बताए । वैशाख २८ गते साँझ मायादेवी मन्दिरपरिसरमा अहोरात्र महापरित्राण पाठ हुने छ भने वैशाख २९ गते बिहान ६ बजेदेखि भिक्षु–भिक्षुणी, लामा गुरुहरू तथा उपासक उपासिकाहरूको सहभागितामा प्रार्थनासभा, बिहान ७:३० शोभायात्रा हुने छ ।

# गोकर्णेश्वरलाई 'योग नगर' घोषणा

**काठमाडौं (प्रस)–** गोकर्णेश्वर नगरपालिकालाई 'योग नगर' घोषणा गरिएको छ । प्रतिनिधिसभा सदस्य सन्तोष चालिसे र नगरप्रमुख दीपककुमार रिसालगायतले स्थानीय गराडोलमा शनिबार आयोजित कार्यक्रममा 'योग नगर'को औपचारिक घोषणा गरेका हुन् ।

उक्त अवसरमा सभापति चालिसेले विश्वभर विभिन्न नयाँ–नयाँ रोग फैलिएका र अशान्ति बढिरहेका बेला मानिसलाई त्यसबाट मुक्ति दिलाउन योगाभ्यास महत्त्वपूर्ण विधि हुनसक्ने धारणा राखे । गोकर्णेश्वर नगरपालिकाले जनस्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राखेर काम गरिरहेको अवस्थामा आगामी दिनमा योग र ध्यानलाई उच्च महत्त्व दिइने नगरप्रमुख रिसालले बताए ।

योगगुरुहरूको सहभागिता रहेको सो कार्यक्रममा पतञ्जली योग समिति नेपालका शंकर योगी र अर्जना घिमिरेले योग साधना र ध्यानबारे प्रशिक्षणसहित जानकारी गराएका थिए । उक्त नगरपालिकाका नौवटै वडाका ४० योग केन्द्रमा नियमित योगाभ्यास हुने गरेको छ । नेपालमा पतञ्जली, जीवन विज्ञान, आर्ट अफ लिभिङ, ओशो, ब्रह्मकुमारी राजयोगलगायतका संस्थाले नियमित ध्यान र योग सिकाउँदै आएका छन् ।

योगाभ्यासले मानिसलाई शारीरिक स्वास्थ्य मात्र नभई अनुशासित बनाउँछ । पछिल्लो समय बढ्दो सहरीकरण र मिसावटयुक्त खानेकुराले अनेक रोग देखा परिरहेको अवस्थामा त्यसका निदानका लागि योग अभ्यासको महत्त्व दिनानुदिन बढिरहेको छ ।

यसअघि भक्तपुरलाई 'योग जिल्ला' र ललितपुरको गोदावरीलाई 'योग नगर' घोषणा गरिएको थियो । नेपालले हरेक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउँदै आएको छ । अन्तर्राष्ट्रियरूपमा जुन २१ का दिन योग दिवस मनाइने गरिन्छ । नेपाल भूमिमा ऋषिमुनिलेसमेत योगाभ्यास र साधना गरेकाले योगभूमि भएको विश्वास गरिँदै आएको छ ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२८**

मालेढुङ्गा भीर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई जिल्ला भोजपुर हतुवागढी गा.पा. वडा नं. ९, हसनपुरमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको २०४४.०८ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, हतुवागढी गा.पा. ८, बारीगाउँ, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मालेढुङ्गा भीर सामुदायिक वन उपभोक्ता समूह**
**हतुवागढी गाउँपालिका वडा नं. ८, बारीगाउँ, भोजपुर**
सम्पर्क नं.: ९७६३७५२५०३ (अध्यक्ष), ९८४२२४०९७५ (कोषाध्यक्ष)

## डिभिजन वन कार्यालय, रौतहट

### सिलबन्दि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिती २०८२/०१/२८**

यस कार्यालयको आ.व २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम सुधारिएको वन पैदावार घाटगद्दिरडिपो धनसर सव डिभिजन वन कार्यालयमा निर्माण, लागतको परिधि भित्र रहि नक्सा अनुसारको निमार्ण गर्नुपर्ने भएको ले विस्तृत सुचना यस कार्यालयको सूचना पाटीमा टास गरीएको छ । इच्छुक निमार्ण व्यवसायीहरूले यो सुचना प्रकासन भएको मितीले १५ (पन्ध्र) दिन भित्र रू १,०००। (पछि फिर्ता नहुने गरी) बोलपत्र फारम खरिद गरी १६ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्नुहुन र प्राप्त बोलपत्रहरूको प्रतिनिधीहरूको रोहवरमा सोही दिन २:०० बजे तथा सो दिन बिदा परेमा कार्यालय खुलेको दिन खोलीने भएकाले सम्वन्धीत सवैको लागी यो सुचना प्रकाशन गरीएको छ ।अन्य आवश्यक जानकारीको लागि कार्यालयको फोन नं ०५५–५४०२१० वा डिभिजन वन कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

## डिभिजन वन कार्यालय, रौतहट

### सिलबन्दि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सुचना प्रकाशन मिती २०८२/०१/२८**

यस कार्यालयको आ|व २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अधुरो भवन निर्माण कार्यक्रम अन्तर्गत वृन्दावन सव डिभिजन वन कार्यालय अन्तर्गतको चेतनगर पोष्टमा रहेको अधुरो भवन निर्माण लागतको परिधि भित्र रहि नक्सा अनुसारको भवन निमार्ण गर्नुपर्ने भएको ले विस्तृत सुचना यस कार्यालयको सुचना पाटीमा टास गरीएको छ । इच्छुक निमार्ण व्यवसायीहरूले यो सुचना प्रकासन भएको मितीले १५ (पन्ध्र) दिन भित्र रू १,०००/ (पछि फिर्ता नहुने गरी) बोलपत्र फारम खरिद गरी १६औं दिनको १२स)) बजेसम्म यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गर्नुहुन र प्राप्त बोलपत्रहरूको प्रतिनिधीहरूको रोहवरमा सोही दिन २स)) बजे तथा सो दिन बिदा परेमा कार्यालय खुलेको दिन खोलीने भएकाले सम्वन्धीत सवैको लागी यो सुचना प्रकाशन गरीएको छ । अन्य आवश्यक जानकारीको लागि कार्यालयको फोन नं ०५५–५४०२१० वा डिभिजन वन कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०१/२८ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ जेठ ०४ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### कलैया, बारा शाखा

**१. ऋणीहरुको विवरण**

| | |
|---|---|
| क. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया बारामा मिति २०७१/०९/०२ मा प्रा.फ.नं.घ.उ.वि. ३४३९/७१/०७२ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **मंगलम ट्रेड कन्सर्न ।** **प्रोप्राईटर - सुरेश प्रसाद साह** | ख. **कैलाश देवि**<br>ना.प्र.नं.- ७५५<br>जारी मिति - २०४६/०२/२५, जि.प्र.का. बारा<br>बाबु - शिव प्रसाद साह<br>बाजे - खुबलाल साह<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **शुरेस प्रसाद साह**<br>ना.प्र.नं.- १९७३८/४१८३ /३८७६<br>जारी मिति - २०५६/०५/०१, जि.प्र.का. बारा<br>बाबु -नागेन्द्र प्रसाद तेलि<br>बाजे - नन्दलाल साह तेलि<br>स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२<br>२. **जटा शंकर प्रसाद साह**<br>ना.प्र.नं.- ३३२२६२/३६४७/३८१२<br>जारी मिति - २०५२/०३/१४, जि.प्र.का. बारा<br>बाबु - नागेन्द्र प्रसाद तेलि<br>बाजे - नन्दलाल साह तेलि<br>स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९.<br>हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२ | ३. **कैलाश देवि**<br>ना.प्र.नं.- ७५५<br>जारी मिति - २०४६/०२/२५, जि.प्र.का. बारा<br>बाबु - शिव प्रसाद साह<br>बाजे - खुबलाल साह<br>स्थायी ठेगाना- बारा जिल्ला प्रस्टोका गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ०२ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बरेवा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १६२६ को क्षे.फ. ०–०–१६ (बि.क.धु.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ८१४ को क्षे.फ. ०–०–९ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
३. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ८०१ को क्षे.फ. ०–२–१९ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. **कैलाश देवि**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ३८४ को क्षे.फ. ०–०–१० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

### मुसिकोट, रूकुम (पश्चिम) शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तीको विवरण |
|---|---|
| **श्रीमती गायत्री प्याकुरेल**<br>ना.प्र.नं.- ५४९/२५२१<br>जारी मिति - २०५३/०९/०८, जि.प्र.का. दाङ<br>बाबु - देवीराम बस्नेत<br>पति - राजु प्याकुरेल क्षेत्री<br>स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर न.पा., वडा नं. ०५<br>हालको ठेगाना- रुकुम(पश्चिम) जिल्ला, मुसिकोट न.पा., वडा नं. ०१ | १. **श्रीमती गायत्री प्याकुरेल**को नाममा मालपोत कार्यालय, तुल्सीपुर दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचौर गा.वि.स/न.पा वडा नं. २ख स्थित कित्ता नं. ३८६९ र ३८७१ को क्षे.फ. क्रमश: ७.५० र ७७.५० (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **राजु प्याकुरेल क्षेत्री**<br>ना.प्र.नं.- १५/७११<br>जारी मिति - २०४६/०१/१२, जि.प्र.का. दाङ<br>बाबु - कृष्ण बहादुर प्याकुरेल क्षेत्री<br>बाजे - मान बहादुर प्याकुरेल<br>स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर न.पा, वडा नं. ०५<br>हालको ठेगाना- रुकुम (पश्चिम) जिल्ला, मुसिकोट न.पा. वडा नं. ०१ | २. **बेदराज प्याकुरेल**<br>ना.प्र.नं.- ५२२०२९/७९२१<br>जारी मिति - २०६९/०९/०६, जि.प्र.का. दाङ<br>बाबु - राजु प्याकुरेल क्षेत्री<br>बाजे - कृष्ण बहादुर प्याकुरेल क्षेत्री<br>स्थायी ठेगाना- दाङ जिल्ला, तुल्सीपुर गा.वि.स/उ.म.न.पा, वडा नं. ०६<br>हालको ठेगाना- रुकुम (पश्चिम) जिल्ला, मुसिकोट न.पा. वडा नं. ०१ |

### कटारी, उदयपुर शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, बाणिज्य बिभाग, घरेलु तथा साना उद्योग विकास समिति कार्यालय उदयपुरमा मिति २०७०/०६/०६ मा प्रा.फ.र.नं. १०८७/०७०/०७१ कायम भई दर्ता रहेको उदयपुर जिल्ला, कटारी गा.बि.स./न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **सनि सप्लायर्स ।**
**प्रोप्राईटर - भोगेन्द्र दास**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **भोगेन्द्र दास**<br>ना.प्र.नं.- ७२९६<br>जारी मिति - २०५५/०५/२९, जि.प्र.का. सप्तरी<br>बाबु - दुली चन दास<br>बाजे - वदकिसुन दास<br>स्थायी ठेगाना- राजविराज गा.प. वडा नं. ०२, सप्तरी<br>हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर<br>२. **नितिस कुमार दास**<br>ना.प्र.नं.- १४-०२-७६-००९१०<br>जारी मिति - २०७६/०५/०९, ई.प्र.का. कटारी, उयदपुर<br>बाबु - भोगेन्द्र दास<br>बाजे - दुली चन दास<br>स्थायी ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर<br>हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर | ३. **अनसुईया कुमारी**<br>ना.प्र.नं.- १८३००१/६९४,<br>जारी मिति - २०६३/१०/१५, जि.प्र.का. महोत्तरी<br>बाबु - निर्गुन दास कथवनिया<br>बाजे - पुल्कित दास कथवनिया<br>स्थायी ठेगाना- जलेश्वर न.पा. वडा नं. १०, महोत्तरी<br>हालको ठेगाना- कटारी न.पा. वडा नं. ०३, उदयपुर |

**लिलाम हुने सम्पत्तीको विवरण**

१. **भोगेन्द्र दास**को नाममा मालपोत कार्यालय, कटारी-उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, कटारी गा.बि.स. वडा नं. ०१/क स्थित कित्ता नं. २१३७ र १४१७ को क्षे.फ. क्रमश: ०-०-२-० र ०-०-४-० (वि.क.धु) को जग्गा र सोमा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ जेठ ०३ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८२ जेठ ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ जेठ ०४ गते आइतबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१–५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भारत–पाकिस्तान युद्धविराम स्वागतयोग्य

भारत–पाकिस्तानबीचको सैन्य तनावमा विराम लागेको छ । एक–अर्काविरुद्ध आक्रामकरूपमा उत्रिएका यी दुई देश युद्धविरामका लागि शनिबार सहमत भएका हुन् । युद्धोन्मुख द्वन्द्वले विश्वजगत चिन्तित थियो । सुरक्षा मामिलाका जानकारहरूका अनुसार दक्षिण एसियामा क्षेत्रीय अशान्ति फैलिने सम्भावना बढेको थियो । यस्तोमा युद्धविरामका लागि सहमत हुनु स्वागतयोग्य कदम हो । यससँगै स्थल, जल र हवाई आक्रमण दुवैतर्फबाट रोकिएको छ ।

यस क्षेत्रमा शान्तिबहालीको सन्दर्भमा यो सहमतिले महत्त्वपूर्ण भूमिका खेल्ने छ । त्राहिमाम दुवै देशका नागरिकमा खुसीयाली छाएको छ । पाकिस्तानमा त्यहाँका नागरिकले आपसमा मिठाइ बाँडेर हर्ष साटासाट गरेका छन् । युद्धविरामपछि दुई देश तटस्थ क्षेत्रमा वार्तामा जुट्दै छन् । वार्ता दुई देशीय स्थायी शान्ति र सुरक्षा कायम गर्ने सन्दर्भमा अर्थपूर्ण बन्नुपर्छ । यसमा दुवै देशका प्रधानमन्त्री लचक बन्नुपर्छ । शान्तिका लागि सार्थक निर्णयमा पुग्नुपर्छ ।

युद्धको घानमा निहत्था जनता परेका छन् । भौतिक संरचना ध्वंश भएका छन् । यसले गर्दा युद्ध भयानक मात्र होइन, जनधनको क्षतिको दृष्टिले गर्दा क्रुर पनि हुन्छ । त्यसो हुनाले भारत–पाकिस्तानले तय गरेको युद्धविराम सहमतिको गन्तव्य दीर्घकालीन बन्न सकोस् । भारत–पाकिस्तानबीचको सैन्यस्तरमा फैलिएको द्वन्द्वको बाछिटा नेपालमा पऱ्यो । युरोपसँगै खाडीका केही राष्ट्रमा चार दिनसम्म उडान प्रभावित बन्यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको मध्यस्थतामा दुवै देश युद्धविरामका लागि सहमत भएको सार्वजनिक गरेका थिए । भारत र पाकिस्तानका अधिकारीहरूले उक्त कुरा पुष्टि गरिसकेका छन् ।

युद्धविराम हुँदा भारत–पाकिस्तान सीमा क्षेत्रका जनता मात्रै होइन समग्र विश्व खुसी भएको छ । अनाहक युद्ध लम्बिए कति मानवीय क्षति हुने थियो ? कति आर्थिक र भौतिक क्षति हुने थियो ? यो आकलन गर्नै नसकिने विषय हो । त्यसैले युद्ध रोक्नुको विकल्प थिएन । युद्ध गरेर एकले अर्कोलाई धेरै क्षति पुऱ्याउन सक्लान् तर क्षति दुवैतर्फ हुन्छ । यसलाई दुवै देशले बुझेका छन् । बुझेर नै युद्धविराममा सहमति जनाएको हुनुपर्छ । जे जसरी, जसको पहलमा सहमति गरे यो बुद्धिमतापूर्ण निर्णय हो । दुवै देशले अब आपसी वार्तामार्फत द्वन्द्व समाधान गर्नुपर्छ । युद्धविरामलाई दीर्घकालीन बनाउन थप सहमति जुटोस् ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन–कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# हिमाल पग्लिनुमा कसको जिम्मेवारी ?



■ एमपी यादव

हिमाल पग्लिनुको जिम्मेवारी कुनै एक देशको मात्र होइन, यो विश्व समुदायको साझा दायित्व हो । चीन र भारतजस्ता ठूला अर्थतन्त्रहरूको हालको उत्सर्जन र विकसित देशहरूको ऐतिहासिक योगदानले यो संकटलाई गहिरो बनाएको छ । नेपालले आफ्नो सीमित स्रोतका बाबजुद जलवायु कूटनीति, नीतिगत पहल र सामुदायिक प्रयासहरूमार्फत हिमाल संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सगरमाथाको काखमा उभिएर कतारकी राजकुमारी आश्मा अलथानीले हिमालमा हिउँ हराउँदै गएको र 'हिमालमा जीवन छैन' जस्तो अनुभव भएको बताउँदा उनले विश्व समुदायको ध्यान जलवायु परिवर्तनको गम्भीर समस्यातर्फ खिचिन् । उनको यो चिन्तालाई संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ मा नेपालको हिमालय क्षेत्रको भ्रमणका क्रममा पनि दोहोऱ्याए । गुटेरेसले सगरमाथा क्षेत्रको भ्रमण गर्दै नेपालले पछिल्लो ३० वर्षमा आफ्नो एकतिहाइ हिउँ गुमाएको तथ्यलाई उजागर गरे । उनले यो संकटलाई 'जलवायु परिवर्तनको भयावह अन्याय' र 'जीवाश्म इन्धन युगको कठोर अभियोग' भने । हिमाल पग्लिनु केवल नेपालको समस्या होइन, यो विश्वव्यापी संकट हो । तर, यो संकटको मुख्य जिम्मेवारी कसको हो ? यो प्रश्नले विश्वका ठूला अर्थतन्त्रहरू, ऐतिहासिक उत्सर्जन, नेपालको भूमिका र हाम्रो साझा भविष्यलाई जोड्छ ।

## जलवायु परिवर्तन र हिमाल पग्लिनु

हिमाल पग्लिनुको प्रमुख कारण हरितगृह ग्यास उत्सर्जन हो, जसले पृथ्वीको तापक्रमलाई अस्वाभाविकरूपमा बढाइरहेको छ । कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइडजस्ता ग्यासहरू औद्योगिक गतिविधि, ऊर्जा उत्पादन, यातायात, कृषि र वन विनासबाट उत्सर्जन हुन्छन् । यी ग्यासहरूले वायुमण्डलमा ताप अवशोषण गर्ने तह बनाउँछन्, जसले विश्वव्यापी तापमान वृद्धिलाई तीव्र बनाउँछ । हिमालय क्षेत्रमा तापमान वृद्धिको प्रभाव स्पष्ट छ, जहाँ हिउँ र हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् ।

विश्व बैंकको तथ्यांकअनुसार, हाल विश्वको सबैभन्दा ठूलो कार्बन उत्सर्जक देश चीन हो, जसले विश्वको कूल कार्बन डाइअक्साइड उत्सर्जनको करिब ३० प्रतिशत हिस्सा ओगट्छ । भारत चौथो स्थानमा छ, जसको हिस्सा करिब सात प्रतिशत छ । यी दुवै देश ठूला अर्थतन्त्र र औद्योगिक शक्ति भएका कारण तिनको उत्सर्जनले हिमाल पग्लिनुमा ठूलो भूमिका खेलेको छ । चीनको कोइला-आधारित ऊर्जा उत्पादन, तीव्र सहरीकरण र औद्योगिक विस्तारले कार्बन उत्सर्जनलाई बढाएको छ । त्यस्तै, भारतको बढ्दो जनसंख्या, सवारीसाधनको प्रयोग र औद्योगिक गतिविधिले पनि हरितगृह ग्यासको मात्रा थपिरहेको छ ।

हिमालय क्षेत्रमा हिमाल पग्लिनुले हिमताल विष्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीजस्ता समस्याहरू निम्त्याएको छ । उदाहरणका लागि, नेपालको थामे गाउँमा गत वर्ष हिमताल फुट्दा आएको बाढीले दर्जनौं घर विस्थापित भए, विद्युत् संरचना ध्वस्त भयो, सडक सञ्जाल टुट्यो र बालबालिकाको शिक्षामा बाधा पुग्यो । यस्ता घटनाहरूले हिमाल पग्लिनुको प्रत्यक्ष र विनासकारी प्रभावलाई प्रस्ट पार्छ ।

## ऐतिहासिक जिम्मेवारी: विकसित देशह(रूको भूमिका

हिमाल पग्लिनुको जिम्मेवारीलाई केवल हालका ठूला उत्सर्जक देशहरूमा सीमित गर्नु पूर्णरूपमा न्यायसंगत हुँदैन । विकसित देशहरू, विशेषगरी संयुक्त राज्य अमेरिका, युरोपेली संघ र जापान, ऐतिहासिकरूपमा ठूला उत्सर्जकहरू हुन् । विश्व रिसोर्सेस इन्स्टिच्युटको तथ्यांकअनुसार, सन् १८५० देखि २०११ सम्मको कूल कार्बन डाइअक्साइड उत्सर्जनमा संयुक्त राज्य अमेरिकाको हिस्सा करिब २७ प्रतिशत र युरोपेली संघको २५ प्रतिशत छ । यी देशहरूले औद्योगिक क्रान्तिको समयमा ठूलो मात्रामा कार्बन उत्सर्जन गरे, जसको प्रभाव अहिले हिमाल पग्लिनु र अन्य जलवायु संकटका रूपमा देखापरिरहेको छ ।

हाल पनि विकसित देशहरूको प्रतिव्यक्ति कार्बन उत्सर्जन विकासशील देशहरूको तुलनामा निकै उच्च छ । उदाहरणका लागि, अमेरिकाको प्रतिव्यक्ति कार्बन डाइअक्साइड उत्सर्जन करिब १५ टन छ, जबकि भारतको १.९ टनमात्र छ । यस्तो असमान उत्सर्जनले विकसित देशहरूको जीवनशैली र उपभोग ढाँचाले जलवायु परिवर्तनमा ठूलो योगदान दिएको देखाउँछ । उच्च मासु उपभोग, विलाशितापूर्ण जीवनशैली र ऊर्जा खपत गर्ने प्रविधिहरूले यी देशहरूको कार्बन फुटप्रिन्टलाई बढाएको छ । त्यसैले, हिमाल पग्लिनुको जिम्मेवारीमा ऐतिहासिक र वर्तमान दुवै दृष्टिकोणबाट विकसित देशहरूको ठूलो भूमिका छ ।

## नेपालजस्ता देशको असमान बोझ

नेपालजस्ता साना र कम उत्सर्जन गर्ने देशहरू जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा परेका छन् । नेपालको कूल कार्बन डाइअक्साइड उत्सर्जन विश्वको ०.१ प्रतिशतभन्दा कम छ, तर हिमाल पग्लिनु, हिमताल विष्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीको प्रत्यक्ष असर यहीँका समुदायहरूले भोगिरहेका छन् । हिमालय क्षेत्रका हिमनदीहरू पग्लिँदा नेपाल, भुटान र भारतका हिमाली बस्तीहरूमा बाढी, पहिरो र खडेरीको जोखिम बढेको छ । यी प्रकोपहरूले स्थानीय समुदायको जीविकोपार्जन, कृषि र पूर्वाधारमा गम्भीर क्षति पुऱ्याएको छ ।

थामे गाउँको उदाहरणले यो असमान बोझलाई प्रस्ट पार्छ । हिमताल फुट्दा आएको बाढीले गाउँको अधिकांश संरचना ध्वस्त भएको थियो । विद्यालय, स्वास्थ्य केन्द्र र सडकहरू नष्ट हुँदा स्थानीय बासिन्दाहरूको जीवन कठिन बनेको छ । यस्ता घटनाहरूले नेपालजस्ता देशहरूले आफ्नो नियन्त्रणबाहिरको संकटको मूल्य चुकाउनु परेको देखाउँछ । संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले पोखराको प्रेस सम्मेलनमा अन्तर्राष्ट्रिय समुदायलाई प्रभावित समुदायहरूको संरक्षण र अनुकूलनका लागि कोष वृद्धिको आह्वान गरे ।

## नेपालको भूमिका

नेपालले जलवायु परिवर्तन र हिमाल पग्लिनुको संकटलाई सम्बोधन गर्न सीमित स्रोतका बाबजुद महत्त्वपूर्ण प्रयासहरू गरेको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनको असमान प्रभाव र हिमाली क्षेत्रको संरक्षणको मुद्दालाई जोडदाररूपमा उठाउँदै आएको छ । पेरिस सम्झौतामा हस्ताक्षरकर्ता राष्ट्रका रूपमा नेपालले सन् २०४५ सम्ममा शुद्ध शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धता जनाएको छ । सगरमाथा संवादजस्ता पहलहरूले नेपालको जलवायु कूटनीतिलाई विश्वमाझ स्थापित गरेको छ, जुन सन् २०२५ मा मे १६-१८ मा आयोजना हुँदै छ ।

नेपाल सरकारले जलवायु परिवर्तन नीति २०७६ लागू गरेको छ, जसले जलवायु अनुकूलन, विपद् व्यवस्थापन र दिगो विकासलाई प्राथमिकता दिन्छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रसँगको सहकार्यमा हिमाली क्षेत्रमा अनुसन्धान र निगरानीलाई जोड दिइएको छ । सामुदायिक वन कार्यक्रमले कार्बन अवशोषणमा योगदान दिएको छ, जसले नेपालको वन संरक्षणमा उल्लेखनीय भूमिका खेलेको छ । नेपालको वन क्षेत्रले विश्वको कार्बन संकलनमा सानो तर महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

स्थानीयस्तरमा, नेपालले हिमाली बस्तीहरूमा पूर्वसूचना प्रणाली र विपद् जोखिम न्यूनीकरणका लागि काम गरिरहेको छ । थामेजस्ता क्षेत्रमा बाढी र पहिरोको जोखिम कम गर्न सामुदायिक जागरुकता र पूर्वाधार विकासमा लगानी गरिएको छ । गैरसरकारी संगठनहरूले जैविक विविधता संरक्षण, जलवायु शिक्षा र दिगो जीविकोपार्जनमा योगदान दिएका छन् । उदाहरणका लागि, स्थानीय समुदायहरूलाई जैविक कृषि र पर्यावरणीय पर्यटनमा संलग्न गराइएको छ । यद्यपि, आर्थिक र प्राविधिक सहायता अभावले यी प्रयासहरू सीमित छन् । नेपालले हरित जलवायु कोषजस्ता अन्तर्राष्ट्रिय कोषमा पहुँच र प्रविधि हस्तान्तरणका लागि विश्व समुदायसँग निरन्तर पैरवी गरिरहेको छ ।

## साझा जिम्मेवारी र विश्वव्यापी सहकार्य

हिमाल पग्लिनुको समस्यालाई समाधान गर्न विश्व समुदायले साझा जिम्मेवारी लिनुपर्छ । यो संकटलाई सम्बोधन गर्न निम्न कदमहरू चाल्न सकिन्छ:

उत्सर्जनमा तीव्र कटौती:

ठूला उत्सर्जक देशहरू, जस्तै चीन, भारत, अमेरिका र युरोपेली संघले आफ्नो कार्बन उत्सर्जनमा तीव्र कटौती गर्नुपर्छ । नवीकरणीय ऊर्जा (सौर्य, वायु र जलविद्युत्), विद्युतीय सवारीसाधन र ऊर्जा-कुशल प्रविधिहरूमा लगानी बढाउनु जरुरी छ । पेरिस सम्झौताअन्तर्गत यी देशहरूले आफ्नो उत्सर्जन लक्ष्यलाई अझ महत्त्वाकांक्षी बनाउनुपर्छ ।

### अन्तर्राष्ट्रिय सहयोग र कोष:

नेपालजस्ता जलवायु परिवर्तनबाट प्रभावित देशहरूलाई आर्थिक र प्राविधिक सहायता प्रदान गर्नुपर्छ । हरित जलवायु कोष (ग्रिन क्लाइमेट फण्ड) र अन्य अन्तर्राष्ट्रिय कोषमार्फत यस्ता देशहरूले पूर्वसूचना प्रणाली, बाढी नियन्त्रण संरचना र दिगो पुनर्निर्माणमा काम गर्न सक्छन् । प्रविधि हस्तान्तरणले पनि यी देशहरूलाई जलवायु अनुकूलनमा सहयोग पुऱ्याउँछ ।

### हिमाली क्षेत्रको संरक्षण:

सगरमाथा र हिमालयजस्ता क्षेत्रलाई विश्व सम्पदाका रूपमा संरक्षण गर्न अन्तर्राष्ट्रिय सन्धिहरू लागू गर्नुपर्छ । हिमाली क्षेत्रमा अनियन्त्रित पर्यटन र विकास गतिविधिहरूलाई नियमन गर्नु आवश्यक छ । हिमनदीहरूको संरक्षणका लागि विशेष संरक्षित क्षेत्रहरू स्थापना गर्न सकिन्छ ।

### जागरूकता र शिक्षा:

जलवायु परिवर्तनप्रति विश्वव्यापी जागरूकता फैलाउन शिक्षा, मिडिया र सामुदायिक अभियानहरू सञ्चालन गर्नुपर्छ । व्यक्तिगतस्तरमा ऊर्जा बचत, फोहोर व्यवस्थापन र दिगो जीवनशैली अपनाउन प्रोत्साहन गर्न सकिन्छ । विद्यालय र विश्वविद्यालयहरूमा जलवायु शिक्षालाई अनिवार्य बनाउनुपर्छ ।

### स्थानीय समुदायको सशक्तीकरण:

हिमाली क्षेत्रका स्थानीय समुदायलाई जलवायु अनुकूलन र विपद् व्यवस्थापनमा सशक्त बनाउनुपर्छ । सामुदायिकस्तरमा पूर्वसूचना प्रणाली, आपत्कालीन योजना र दिगो जीविकोपार्जनका अवसरहरू प्रदान गर्न सकिन्छ ।

## विश्व समुदायको भूमिका

हिमाल पग्लिनुको संकटले विश्व समुदायलाई एकताबद्ध भएर काम गर्न आह्वान गरेको छ । यो केवल नेपाल वा हिमालय क्षेत्रको समस्या होइन, यो सम्पूर्ण मानव जातिको साझा चुनौती हो । हिमनदीहरू पग्लिँदा विश्वको पानीको स्रोत, कृषि र जैविक विविधतामा दीर्घकालीन प्रभाव पर्छ । हिमालय क्षेत्रका हिमनदीहरूले दक्षिण एसियाका करोडौं मानिसहरूलाई पानीको स्रोत प्रदान गर्छन् । यी हिमनदीहरू हराउँदा खडेरी, खाद्य असुरक्षा र जनसंख्या विस्थापन जस्ता समस्याहरू बढ्ने छन् ।

विकसित देशहरूले आफ्नो ऐतिहासिक जिम्मेवारी स्वीकार्दै जलवायु कोषमा योगदान बढाउनुपर्छ । उनीहरूले विकासशील देशहरूलाई नवीकरणीय ऊर्जा र जलवायु अनुकूलन प्रविधिहरूमा सहयोग गर्नुपर्छ । त्यस्तै, चीन र भारतजस्ता उदीयमान अर्थतन्त्रहरूले आफ्नो आर्थिक विकासलाई दिगो बनाउन जीवाश्म इन्धनमा निर्भरता घटाउँदै नवीकरणीय ऊर्जामा लगानी गर्नुपर्छ ।

## निष्कर्ष

हिमाल पग्लिनुको जिम्मेवारी कुनै एक देशको मात्र होइन, यो विश्व समुदायको साझा दायित्व हो । चीन र भारतजस्ता ठूला अर्थतन्त्रहरूको हालको उत्सर्जन र विकसित देशहरूको ऐतिहासिक योगदानले यो संकटलाई गहिरो बनाएको छ । नेपालले आफ्नो सीमित स्रोतका बाबजुद जलवायु कूटनीति, नीतिगत पहल र सामुदायिक प्रयासहरूमार्फत हिमाल संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । संयुक्त राष्ट्रसंघका महासचिवको भ्रमण र उनको आह्वानले यो संकटको विश्वव्यापी महत्त्वलाई थप उजागर गरेको छ । तर, यो संकटको सामना गर्न अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ । सगरमाथा र हिमालय सम्पूर्ण मानव जातिको साझा सम्पत्ति हुन् । यिनलाई जोगाउन विश्व समुदायले आजैदेखि हातेमालो गर्नुपर्छ । हिमालमा 'जीवन' फर्काउन हाम्रो साझा प्रयास र प्रतिबद्धता आवश्यक छ । *रासस*

## पाठक मञ्च

# भारत–पाक द्वन्द्वमा नेपाली नागरिकको सुरक्षा चासो

सुनौलो भविष्यको सपना बोकेर नेपालीहरू विभिन्न मुलुक पुगेका छन् । हुनेखानेहरू शिक्षाका लागि विकसित मुलुक र निम्न आर्थिक स्तर भएकाहरू खाडी मुलुक छिरेका छन् । तर, बारम्बार भइरहने युद्धका कारण यहाँ भएका परिवारहरू निकै चिन्तित छन् । इजरायल र प्यालेस्टाइनबीचको युद्धमा धेरै नेपालीको ज्यान गयो । केही परिवार अझै पनि आफ्ना सन्तानको पर्खाइमा छन् । हाल दुई छिमेकी भारत र पाकिस्तान युद्धमा होमिएका छन् । दुवै मुलुक को भन्दा को कम भन्ने पक्षमा लागिपरेका छन् ।

भारत प्रशासित कश्मीरको पहलगाममा आतंकवादी समूहले एक नेपाली र २५ भारतीय नागरिकको हत्या गरेपछि भारतले यसमा पाकिस्तानको हात रहेको आरोप लगाउँदै आएको छ । पाकिस्तानले त्यसको प्रतिवाद गर्दै आएको छ । भारतले पाकिस्तानमाथि आतंकवादीलाई संरक्षण गरेको आरोप लगाउँदै बदला लिने घोषणा गरेको थियो ।

भारतको घोषणा घोषणामा मात्र सीमित रहेन । पाकिस्तानमाथि मिसाइल तथा ड्रोनमार्फत आक्रमण गऱ्यो । पाकिस्तानतर्फ ३१ जना सर्वसाधारणको ज्यानसमेत गइसकेको छ । जवाफमा पाकिस्तानले गरेको प्रहारबाट भारततर्फ पनि १६ सर्वसाधारण मारिएको बताइएको छ । यसरी यी दुईबीचको तनाव बढ्दै जाँदा त्यहाँ रहेका नेपालीहरूको सुरक्षा चिन्ताको विषय बनेको छ । भारतमा हजारौं नेपालीहरू कामको सिलसिलामा रहेका छन् । भारतीय सैनिकको गोरखा रेमिमेन्टमा नेपालीहरू कार्यरत छन्, जसलाई भारतले पाकिस्तानसँगको प्रत्येक युद्धमा अग्रमोर्चामा खटाउने गर्दछ । उता पाकिस्तानमा पनि नेपालीहरू अध्ययनको सिलसिलामा रहेका छन् ।

परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेर सुरक्षित रहन नेपालीहरूलाई आग्रह गरेको छ । यो त एउटा औपचारिकतामात्रै हो । यतिले मात्रै पुग्दैन । नेपालीहरूलाई सुरक्षित फिर्तीका लागि तत्काल सरकारले पहल गर्नुपर्छ । फेरि नेपाली नागरिकले ज्यान गुमाउनु नपरोस् । सरकारले यो विषयलाई गम्भीरताका साथ लिन जरुरी छ । सरकारले निर्णय गर्न ढिला गर्दा नेपालीहरूले अनाहकमा ज्यान गुमाउनुपर्ने अवस्था नआओस् । भारत र पाकिस्तानमा रहेकाहरूका आफन्त यतिबेला चिन्तामा छन् । कुन बेला के हुने हो अनिश्चित छ । त्यसैले उनीहरू शान्तिका लागि प्रार्थना गरिरहेका छन् । युद्ध चर्किंदै जाने अवस्था भए आफ्नो आफन्तलाई नेपाल फर्काउन सरकारसँग याचना गरिरहेका छन् । सरकारले उनीहरूको पीडा सुन्नुपर्छ ।

दुई देशबीच तनाव बढिरहँदा नेपालले आतंकवादविरुद्ध अभियानमा साथ रहने भन्दै आफ्नो धारणा सार्वजनिक गरेको छ । नेपाल एउटा तटस्थ देश हो । भारत-पाकिस्तान युद्धमा सधैं मौन रहने नेपालले यसपटक आतंकवादविरुद्ध साथ रहने भन्दा कतै भारतको समर्थन गरेको हो कि ? भन्ने अर्थमा बुझिएको छ । भारतले पनि नेपालको अडानलाई स्वागत गरेको छ । यसले पाकिस्तानलाई चिढ्याउन सक्छ । भारत र पाकिस्तान दुवैसँग नेपालले समान व्यवहार गर्नुको विकल्प छैन । एउटालाई साथ दिने र अर्कोलाई बहिस्कार गर्नु घातक हुनसक्छ । त्यसैले कूटनीतिक अडान राख्दा नेपालले गम्भीर रूपमा ख्याल गर्नुपर्दछ । नेपालले दुवै देशलाई युद्ध अन्त्य गरेर शान्तिपूर्ण वार्ताको माध्यमबाट समाधान निकाल्नेतर्फ अग्रसर गराउनुपर्छ । त्यसमा नेपालले भूमिका खेल्न सक्नुपर्छ । छिमेकमा द्वन्द्व चर्कंदा नेपालमा पनि त्यसको प्रभाव अवश्य पर्छ । दुई देशलाई शान्तिको मार्गमा ल्याउन पहल गरौं । शान्तिको कामना गरौं ।

– ***प्रख्यात शर्मा***, *धोबिघाट, ललितपुर*

# छ महिनापछि घर फर्किए टिंकरवासी



■ नरेन्द्रसिंह कार्की

**दार्चुला–** दार्चुलाको उत्तरी सिमानामास्थित टिंकर गाउँका स्थानीय छ महिनापछि गाउँ फर्किएका छन् । गत मंसिरमा चिसो छल्न गाउँ छोडेर खलंगा झरेका ७० परिवार पुनः गाउँ फर्किएका हुन् ।

गत मंसिरमा कठोर जाडो छल्न गाउँ छाडेका यहाँका स्थानीय वैशाख अन्तिम सातामात्रै पुनः फर्किएका छन् । 'छ महिनापछि फर्कंदा आफ्नो घरको ढोका देवीदेवता भरोसामा जस्तोको तस्तै रहेछ,' स्थानीय जसपाल तिंकरीले भने, 'भगवान् भरोसा छोडिएका घरका ताला खुलेका छन् ।' छ दिनको यात्रापछि अहिले सबै स्थानीय गाउँ पुगेपछि चहलपहल बढेको छ ।

टिंकर पुग्न नेपालकै भूमि भएर जान सकिने गोरेटो बाटो छैन । स्थानीय भारतको बाटो हुँदै कठिन यात्रा गरी गाउँ पुगेका छन् । वडा नम्बर १ का वडा सदस्य एवं टिंकरका स्थानीय हितेश बुढाथोकीले भने, 'आफ्नै भूमि भएर गाउँ फर्किन नपाउँदा नरमाइलो लाग्छ ।' आफ्नो गाउँ जान भारतीय अनुमति लिनुपर्दा अपमानित महसुस हुने गरेको स्थानीयको गुनासो छ । राज्यले समयमै पूर्वाधार निर्माणमा ढिलाइ गर्दा यहाँका नागरिकले सास्ती खेप्नुपरेको हो ।

सरकारले विशेष अनुदानअन्तर्गत चालु आर्थिक वर्षमा पाँच करोड ५० लाख रूपैयाँ बजेट पठाएको भए पनि गाउँपालिकाले टेण्डरमा ढिलाइ गरेकाले बाटो बन्न सकेन । यद्यपि, गाउँपालिकाले यसै साता मात्र निर्माण कम्पनी छनोट गरेको छ ।

यो पटक आफ्नै भूमि भएर गाउँ जाने सपना बुनेका व्यासीहरू अन्ततः भारतकै भूमि भएर गाउँ फर्किनुपरेको बुढाथोकी बताउँछन् । उनी भन्छन्, 'कहिलेकाहीँ आफ्नै सरकारप्रति हिनताबोध हुन्छ ।' २०७७ जेठ ७ गते सरकारले चुच्चे नक्सा जारी गर्दा स्थानीय निकै खुसी थिए । 'भूगोल नआए पनि नक्सामा हाम्रो भन्ने अधिकार पाएको महसुस गर्‍यौं,' जसमल बुढाथोकीले सुनाए, 'तर नक्सा पाएका नागरिकको लागि पैदल बाटो बनाउन सरकारले यतिका वर्ष लगाउँदै छ । सडक सपना त अझै धेरै टाढाको छ ।'

नक्सा जारी भएपछि एकपटक सरकारले हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गर्‍यो । नागरिकमा एक प्रकारको खुसी महसुस छायो । तर विस्तारै ती सबै सपनाजस्तै लाग्न थालेको स्थानीय दानसिंह तिंकरीको बुझाइ छ । त्यतिबेला राज्यका माथिल्लो निकायबाट भएको भ्रमण हेर्दा व्याससम्म सडक चाँडै पुग्ने विश्वास थियो ।

यहाँका बासिन्दा वर्षको आधा समय खलंगामा र बाँकी समय टिंकरमा बस्ने गर्छन् । उनीहरूको भाषामा यसलाई 'कुञ्चा' सर्नु भनिन्छ । कुञ्चा भनेको सौका समुदायको भाषामा बसाइँसराइ हो । तीन हजार ३०० मिटर उचाइमा अवस्थित यस गाउँमा छ फिटभन्दा बढी हिउँ पर्ने हुँदा हिउँदमा बस्न नसकिने दानसिंह बताउँछन् । चिसो छल्न उनीहरू परिवार, पशुचौपाया, खाद्यान्नसहित खलंगातिर सर्छन् ।

चिसो मौसम भएका कारण छ महिना गाउँ सुनसान हुन्छ । घरका ढोकामा चाबी लगाइएको हुन्छ । दानसिंहले भने, 'अहिलेसम्म गाउँमा चोरी भएको घटना छैन । यो सबै भगवान्को देन हो । हामीहरूको संस्कृति, परम्परा र पूजापाठमा गहिरो आस्था छ । यही कारण कोही नहुँदा पनि हाम्रो खाद्यान्न, घर सुरक्षित नै रहेको हुन्छ ।'

स्थानीयको मुख्य जीविकोपार्जन कृषि, व्यापार र जडीबुटी संकलन हो । यहाँ फापर, उवा, काकनु, आलु गहुँजस्ता अन्नबाली उत्पादन हुन्छ । उनीहरू गाई, चौरी, खच्चड, घोडा, बाख्रा पाल्छन् । अहिले गाउँ पुगेपछि स्थानीय आलु फापर, गहुँ, छर्ने तयारीमा छन् ।

चीनसँगको व्यापार खुला हुँदा तिब्बतसँग किनमेल गर्थे । पछिल्लो समय भने चीनबाट खाद्यान्न आउन रोकिएको छ । नेपालमा मात्रै बसोबास गर्ने व्यासी सौका समुदायको मात्रै यहाँ बसोबास हुन्छ । परम्परागत घरले सुन्दरता दिएको छ । टिंकर प्राकृतिकरूपमा अत्यन्त सुन्दर छ । फुलेका मनमोहक फूल, घर नजिकै देखिने नाउर जस्ता वन्यजन्तु, अपि हिमालगायत हिमशृंखला, सुदूरहिमाली जीवनशैलीले यहाँलाई विशेष बनाउँछ । सौका समुदायले आफ्नै भाषा 'रंग' बोल्छन् ।

### छैन आधारभूत सेवा

व्याँस गाउँपालिका-१ का तिंकरबासीहरू वर्षको करिब छ महिना गाउँमा बसोबास गर्छन् । सो अवधिमा स्वास्थ्य चौकी नहुँदा उनीहरू सामान्य रोग लाग्दा पनि भारतीय सुरक्षाकर्मीसमक्ष धाउनुपर्छ या आफैंले खलंगाबाट बोकेर लिएको औषधि प्रयोग गर्न बाध्य छन् ।

'सामान्य टाउको दुख्दा औषधि हुँदैन, स्थानीय जसमल बुढाथोकी भने, 'ज्येष्ठ नागरिक बिरामी हुँदा अकालमै ज्यान गुमाउनुको विकल्प छैन ।' धेरैले सिटामोल, दमलगायत औषधि खलंगाबाटै आफूसँगै बोकेर लिने गर्छन् । उनीहरूको भाषामा आफ्नै स्वास्थ्यकर्मी आफैं बिरामीजस्तै हो ।

व्यास-१ को छाङ्रूमा स्वास्थ्यचौकी छ । तर तिंकर गाउँबाट छाङ्रू आउजाउ गर्न पाँच घण्टा बढी समय लाग्छ । गाउँमा युवा कमै बस्छन् । बिरामी हुँदा बोक्न पनि मुस्किल पर्छ । पढाइ र रोजगारीको सिलसिलामा गाउँभन्दा बाहिर युवा हुँदा गाउँमा कुनै अप्ठ्यारो पर्दा समस्या हुने गर्छ । 'पहिले त कोही बिरामी हुँदा चार-पाँच दिनपछि खबर पाउने अवस्था थियो,' बुढाथोकीले भने, 'गत वर्षदेखि ल्याण्डलाइन र नेपाल टेलिकमको टुजी फोन सञ्चालन भएपछि सहज भएको छ ।'

चिसोका कारण बिरामी पर्ने जोखिम उच्च छ, तर यस क्षेत्रमा राज्यको ध्यान कम गएको देखिन्छ । सर्वसाधारणमात्र होइन यहाँका सुरक्षाकर्मीले बोकेरै औषधि लिनुपर्छ । वडासचिव विनोदसिंह बुढाथोकीका अनुसार तिंकरमा तीन-चार वर्षअघि निर्माण थालिएको स्वास्थ्य भवन अझै पूरा हुन सकेको छैन । उहाले भने, 'समयमै बजेट नआउँदा स्वास्थ्य संस्था सञ्चालनमा आउन सकेको छैन ।'

### पञ्चायतकालमा नेपाली बाटो, अहिले विदेशको भर

पञ्चायतकालमा टिंकर पुग्न नेपाली गोरेटो बाटो प्रयोग हुन्थ्यो । बहुदल आएपछि त्यो बाटो बन्द भयो । गोरेटो बाटो मर्मतमा ध्यान नजाँदा स्थानीयले जहिल्यै आफ्नै गाउँ फर्किन भारतीय भूमि र भारतीय अनुमतिको भर पर्नुपरेको छ ।

व्याँस गाउँपालिका अध्यक्ष मंगलसिंह धामी भन्छन्, 'व्यास गाउँपालिका-१ को छाङ्रू टिंकर जोड्नेगरी पटक-पटक बजेट नगएको भने होइन । तर नियमन निकायको अभाव भयो । बजेटको सही प्रयोग हुन नसक्दा यो बाटो कहिल्यै बनेन । तत्कालीन जिल्ला विकास समिति, गाउँविकास समितिमार्फत बजेट राख्यो । वि.सं. २०७४ मा स्थानीय सरकार बनेपछि गाउँपालिकाले लगानी गर्‍यो । गत वर्ष बाटो मर्मत सम्भारमा करोड खर्च भयो । तर बाटोको अवस्था उस्ताको उस्तै छ ।

विगतमा केही ठाउँमा भारतीय सडक निर्माणको क्रममा नेपालतिरको बाटो अवरूद्ध भएको स्थानीयवासी बताउँछन् । ठाउँठाउँमा भारतले महाकाली नदी किनारैकिनार सडक लाँदा ड्याम बाँधिएर नेपालतर्फको बाटो क्षति हुन पुगेको छ । केही ठाउँमा पहिरो गएपछि बाटो अवरुद्ध भयो । तम्बाकुलगायत क्षेत्रमा नेपालतिर नदीले पूरै कटान गरेपछि पूर्णरूपमा बाटो बन्दभएको वडाध्यक्ष योगेश बोहरा बताउँछन् ।

नेपालतिर बाटो नबनेकै कारण व्यासका नागरिकमात्र होइन, व्यासमा कार्यरत सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म, इलाका प्रहरी कार्यालय छाङ्रू, बिओपी तिंकर तथा सीमा चौकी तिंकरी प्रहरीलगायतले भारतकै बाटोको भर पर्नुपरेको छ । *रासस*

# 'म कर्णालीकी छोरी' सम्मेलन

**सुर्खेत (प्रस)–** कर्णालीमा पहिलोपटक 'कर्णाली छोरी सम्मेलन' सुरु भएको छ । ज्योति फाउण्डेसन र सामाजिक विकास मन्त्रालयको आयोजनामा प्रदेश राजधानी वीरेन्द्रनगरमा शनिबार सुरू उक्त सम्मेलनको कर्णालीकी छोरी तारा भट्टराई र उनको समूहले उद्घाटन गरेका थिए ।

उनीहरूले एक जना छोरीलाई पढाए दुईवटा घरमा चेतना फैलने र छोरालाई पढाए एउटामात्रै परिवार शिक्षित हुने बताएका थिए । कर्णालीका ६९ वटा पालिकाका छोरीहरू भेला भएको सम्मेलनमा छोरीहरूका तर्फबाट मुख्यमन्त्री यामलाल कँडेल र उनकी श्रीमती गीता अधिकारीलाई कर्णालीका छोरीहरूलाई समान अवसर र शिक्षाको प्रत्याभूत गराउने प्रतिबद्धतापत्र वाचन गर्न लगाएका थिए ।

कार्यक्रमममा कर्णालीका प्रत्येक छोरीहरू बारम्बार 'नमस्कार ! म कर्णालीकी छोरी' भनेर आफ्नो परिचय दिइरहेका थिए । सम्मेलन सोमबारसम्म चल्ने छ । शनिबार सम्मेलनको उद्घाटन सत्रमा बोल्दै मुख्यमन्त्री कँडेलले चेतनाको अभावका कारण कर्णालीमा अझै पनि अन्धविश्वास कायमै रहेको बताए । 'समाजमा अन्धविश्वास छ, कूरीति छ,' उनले भने, 'त्यो अझै बदलिन सकेको छैन, बदल्नैपर्छ । कर्णालीको अवस्था बदल्न सबैको सहभागिता आवश्यक हुन्छ ।'

संवैधानिक हिसाबले विभेदमुक्त भनिए पनि व्यवहारमा अझै पनि विभेतका आयमहरू कायमै रहेको कँडेलको भनाइ छ । 'व्यवहारत कसैले कसैलाई हिनताबोध नहुनेगरी समाज निर्माण गर्ने कुरामा सबैले ध्यान दिनुपर्ने छ,' मुख्यमन्त्री कँडेलले भने, 'संविधानमा धेरै कुरा लेखिएको छ, त्यो लेखाउन ७० वर्ष लाग्यो । तर व्यवहारमा अझै लागू हुन सकिरहेको अवस्था छैन ।' कँडेलले छोरीहरूलाई राजनीतितर्फ अग्रसर हुन पनि आग्रह गरे ।

कर्णाली प्रदेशसभाकी सभामुख नन्दा गुरुङले सोच र शैलीमा सकरात्मक परिवर्तन ल्याउन यस्ता खालका कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताइन् । 'लैंगिक समानताको आधार निर्माणमा ध्यान दिनुपर्ने छ,' उनले भनिन्, 'छोरीहरू आत्मरक्षाका लागि हरेक पल सावधान रहनुपर्ने अवस्था अहिले पनि रहेको छ ।'

छोरी भएकै कारण अवसरबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गरिनुपर्नेमा उनको जोड छ । 'छोरीहरूको शैक्षिक सशक्तीकरणमा जोड दिन सकियो भने उनीहरूलाई समाजमा आफूलाई सुरक्षित अनुभूति गर्ने छन्,' उनले भनिन्, 'कर्णालीका छोरीहरूको अधिकार समानता र सशक्तीकरणसँगै शिक्षा, स्वास्थ्यका सवालमा सबैले हातेमालो गर्दै अघि बढ्नुपर्ने छ ।' छोरीहरू सुरक्षाका निमित्त सरकारले कार्यक्रम ल्याउनुपर्ने पनि उनको भनाइ छ ।

कर्णालीमा छोरी सशक्तीकरण अभियानको माध्यमबाट सचेत, सबल, सक्षम तथा आत्मनिर्भर कर्णालीका छोरीहरूको निर्माण र विकासमा सघाउ पुर्‍याउने उद्देश्यसहित सम्मेलन गरिएको ज्योति फाउण्डेसनकी अध्यक्ष ज्योति कटुवालले बताइन् । 'कर्णालीका छोरीहरूको चेतना जागृत गर्ने र स्वप्निल बन्न सिकाउने एक सामाजिक सन्देश प्रवाह गर्ने जमर्को हो,' उनले भनिन्, 'कर्णालीका छोरीहरू सशक्तीकरणको एक गतिशील अभियान हो ।'

# रुरु क्षेत्रमा 'शालिग्राम महोत्सव'

**तानसेन (पाल्पा)–** पाल्पा र गुल्मीको संगमस्थल रुरु क्षेत्र धाममा पहिलोपटक शालिग्राम महोत्सव गरिएको छ । कालीगण्डकीमा पाइने शालिग्रामको प्रचारप्रसार गर्ने उद्देश्यले शुक्रबारदेखि रुरु क्षेत्रस्थित रिडी ऋषिकेशव मन्दिरमा दुई दिने शालिग्राम महोत्सव आयोजना गरिएको हो ।

पाल्पाको तानसेन नगरपालिका, गुल्मीको रुरु क्षेत्र गाउँपालिका, स्यांजाको कालीगण्डकी गाउँपालिका, रूपन्देहीको पर्यटन डिभिजन कार्यालयको आयोजना तथा ऋषिकेश मन्दिर व्यवस्थापन समितिको संयुक्त आयोजनामा महोत्सव सञ्चालन भएको छ । यसका लागि लुम्बिनी प्रदेश सरकारले १० लाख रूपैयाँ सहयोग गरेको छ ।

महोत्सवको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुभारम्भ गर्दै रुरु क्षेत्र नेपालकै चारधाममध्ये एक रहेको हुँदा ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलको संरक्षण, प्रवर्द्धन तथा प्रचारप्रसारलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उनले लुम्बिनी प्रदेशलाई तपोभूमिका रूपमा उल्लेख गर्दै यस्ता महोत्सवबाट धार्मिक पर्यटन प्रवर्द्धन भई प्रदेशको समृद्धिको आधार बन्न सक्ने विश्वास व्यक्त गरे ।

नेपालका चार प्रमुख धार्मिक धाममध्ये एक मानिने रुरु क्षेत्रमा शालिग्राम दिवसको अवसर पारेर आयोजना गरिएको यस महोत्सवमा धार्मिक, सांस्कृतिक तथा पर्यटन मूलक कार्यक्रम समावेश गरिएका छन् । महोत्सवमा शालिग्रामका विषयमा प्रचारप्रसार, प्रवर्द्धन, महत्त्वलगायतका विषयमा जानकारी दिइने ऋषिकेशव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष परशुराम भट्टराईले जानकारी दिए ।

महोत्सवमा एक हजार आठ शालिग्रामको पुजन, बिक्री वितरण, ऋषिकेशवको रथयात्रा, झाँकी र्‍यालीलगायत भजनकिर्तन, कालीगण्डकीमा सन्ध्याकालीन आरती गर्ने कार्यक्रम छ । हिन्दू धर्मशास्त्रमा शालिग्रामलाई भगवान् विष्णुको शिला स्वरूपका रूपमा वर्णन गरिएकाले यसको धार्मिक महत्त्वका साथै अनौंठो वनोटका कारण पनि शालिग्राम सबैको चासोको विषय बन्दै आएको छ । श्रीस्वस्थानी व्रतकथामा विष्णु भगवान्ले जालन्धर पत्नी वृन्दाको पतिव्रता धर्म नष्ट गरेर महादेवले जालन्धरको वध गरेपछि विष्णुलाई वृन्दाले दिएका चार श्रापमध्ये एक शिला हुनुपरोस् भनी श्राप दिएकीले शालिग्राम स्वरूपमा रहनुपरेको उल्लेख छ । शालिग्रामको धार्मिक, सांस्कृतिक तथा वैज्ञानिक महत्त्व भएकाले यसको खोजी गर्ने बर्सेनि बढ्दै गएका पाइन्छन् । *रासस*


## श्री बासपानी कृषि सहकारी संस्था लि

महालक्ष्मी नगरपालिका-०६, धनकुटा

### बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२८

महालक्ष्मी नगरपालिका, धनकुटको सहयोगमा यस बासपानी कृषि सहकारी संस्थाले अनुदान कार्यक्रम अर्न्गत महालक्ष्मी नगरपालिका-०६, धनकुटास्थित दुध उत्पादनको लागी उन्नत जातका भैसीहरुको खरिद कार्य बोलपत्र विधिबाट गर्नुपर्ने भएकोले मान्यता प्राप्त इच्छुक नेपाली फर्म र आपूर्तिकर्ताका लागि तपसिल उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिबाट ३१औं दिनको १२:०० बजेभित्र यस बासपानी कृषि सहकारी सस्था लि., महालक्ष्मी नगरपालिका-०६, धनकुटामा सम्पर्क राखी बोलपत्र खरिद गर्न यो सूचना प्रकाशन गरिएको छ ।

बोलपत्र सम्बन्धी विवरणः-

| क्र. सं. | बिवरण | ठेक्का नं. | आवश्यक संख्या | जम्मा रकम रु. | बोलपत्र माध्यम |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक भैसी पालन प्रवर्द्धन कार्यक्रम (भैसी खरिद) | BKSSL/NCB/01/2081/082 | ३० | ३०७४०००/- | हार्ड कपि |

तपसिलः-

१. बोलपत्र खरिद गर्न चाहने ईच्छुक फर्म र सप्लायर्सले यस संस्थाबाट रू. ३०००/- (अक्षेरुपी तिन हजार मात्र) को रसिद काटी साथमा फर्म/सप्लार्यस दर्ता, पान दर्ता/मुल आय कर दर्ता, आधिकारिक प्रमाणपत्र, कर चुक्ता, नविकरण भएको प्रमाण पत्रको प्रतिलिपीहरु साथै पेशागत कसुरमा कुनै सजाय नभएको स्व-घोषणापत्र संलग्न राखी यस संस्थाबाट ३१औं दिनको (मिति २०८२/०२/२७) १२:०० बजेभित्र खरिद गर्न सकिने छ ।
(बोलपत्र वापतको दस्तुर रकम यस संस्थाको नाममा रहेको रास्ट्रिय वाणिज्य बैंक जितपुर शाखाको खाता नं. २३५०१००००४०५००१ मा दाखिला गर्न सकिने छ।)

२. सूचना प्रकाशन भएको मितिबाट ३१औं दिनको (मिति २०८२/०२/२७) १:०० बजेभित्र बोलपत्र यस संस्थामा दाखिला गरि सक्नु पर्ने छ । अन्यथा कुनै कारवाही हुने छैन ।

३. ३१औं दिनको १:१५ बजे दर्ता हुन आएका बोलपत्र आपूर्तिकर्ता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिनेछ । आपूर्तिकर्ता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा धरौटी रकम रू. ८५०००/- रकम यस संस्थाको नाममा रहेको रास्ट्रिय वाणिज्य बैंक जितपुर शाखामा रहेको खाता नं. २३५०१००००४०५००१ धरौटी खातामा जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी गरेको सो रकम बराबरको १२० दिन म्याद भएको बोलपत्र जमानत संलग्न राखि पेश गर्नु पर्नेछ ।

५. यो सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्यहरुको हकमा बोलपत्र सम्बन्धी कागजात, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

६. यस सम्बन्धमा विस्तृत जानकारीको लागी नं ९८४२०६१९३९ मा सम्पर्क गर्न सकिनेछ ।



## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०१/२८ (11th May 2025)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०१/०५ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित दरभाउपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका दरभाउपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको दरभाउपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ दरभाउपत्रमा भाग लिने सम्पूर्ण दरभाउपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ।

तपसिल

| क्र.स. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम र ठेगना | कबोल अंक |
|---|---|---|---|---|
| १. | BM/MOR/SQ/G-02-2081-082 | Supply and Delivery of Chaff Cutter and dairy equipment | श्री टेक लाईन इन्टरनेशनल प्रा.लि. पुलचौक | रू. १२,२६,०००/०० (अक्षेरुपी बाह्र लाख छवीस हजार रूपैया मात्रा) |

प्रमुख प्रशासकीय अधिकृत



## सुदूर पश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## महाकाली प्रादेशिक अस्पताल
महेन्द्रनगर कंचनपुर

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/२८ (11th May 2025)

महाकाली प्रादेशिक अस्पतालबाट मिति २०८१।१२।०३ गते प्रकाशित सूचना अनुसार भ्न्ए मार्फत दाखिला हुन आएका तपशिलका प्राविधिक बोलपत्रहरु सारभूतरुपमा सफल भएकाले उक्त बोलपत्रदाताहरूले दाखिला गरेका आर्थिक बोलपत्रहरु तपशिलको मितिमा खोलिने भएकाले सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| कामको विवरण र ठेक्का नम्बर | आर्थिक प्रस्ताव खोलिने मिति र समय | सारभूतरूपमा सफल बोलपत्रदाताहरू |
|---|---|---|
| Supply, delivery, installation and commissioning of Mobile C-arm Machine No. MPH/NCB/Goods/2081/082/05 | 2082/02/04(18th May 2025) at 1:00PM | Balali Surgical Suppliers , Dhangadhi,Kailali |

डा अर्जुन भट्ट
निमित्त मेडिकल सुपरिटेन्डेन्ट

# प्रभाव दैनिक

रूपशाला


## टिसिएल ग्लोबल नेपालको ब्राण्ड एम्बासेडरमा प्रदीप

टीसीएल ग्लोबल नेपालको ब्राण्ड एम्बासेडरमा नायक प्रदीप खड्का नियुक्त भएका छन् । खड्का २ वर्षका लागि ब्राण्ड एम्बासेडरमा नियुक्त भएका हुन् । विदेशमा अध्ययन गर्ने प्रक्रिया सरल बनाउनु र नेपाली विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षाको पहुँचमा सहजीकरण गर्नु आफ्नो लक्ष्य रहेको र यही लक्ष्यलाई लिएर नेपाली चलचित्र उद्योगका ख्याति प्राप्त व्यक्तित्व खड्कालाई आफ्नो आधिकारिक ब्राण्ड एम्बासेडरको रूपमा नियुक्त गरेका टीसीएल ग्लोबल नेपालले बताएको छ ।




आइतबार, २८ वैशाख २०८२ (Sunday, May 11, 2025)


# बुद्धिसागरको कथामा चलचित्र 'के घर के डेरा घर नं २'




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'कर्णाली ब्लूज', 'फिरफिरे', 'एक्लो' जस्ता चर्चित उपन्यासका लेखक तथा कवि बुद्धिसागरको कथामा चलचित्र निर्माण गरिएको छ । निर्देशक दीपेन्द्रकुमार खनालले उनको कथामा 'के घर के डेरा घर नं २' चलचित्र निर्माण गरेका हुन् ।

निर्देशक खनालले केही वर्ष अगाडिदेखि बुद्धिसागरलाई चलचित्रमा कथाकारका रूपमा ल्याउन प्रयास गरेका थिए । सो प्रयासलाई सार्थकता दिँदै उनको कथामा चलचित्र निर्माण गरिएको निर्देशक खनाल बताउँछन् । 'साहित्यकारका कथालाई पर्दामा ल्याउन के-कस्ता चुनौती रहेछन् त', भन्ने प्रश्नमा खनाल भन्छन्, 'कथाको मर्म बुझ्ने निर्देशक नपरेमा साहित्यकारको कथाले न्याय पाउँदैन । बुद्धिसागरजीले लेख्नुभएको पटकथामा हरेक जानकारीलाई सुक्ष्म तरिकाले प्रस्तुत गरिएको छ । तर, हामी निर्देशकले एउटा सीमित समय भित्र कथा भनिसक्नुपर्ने हुन्छ । त्यसकारण कथाको मर्म प्रस्तुत हुनेगरी दृश्यमा उतार्ने खुबी निर्देशकमा हुनु जरूरी छ ।'

उनले बुद्धिसागरको पटकथालाई चलचित्रको शैलीमा रूपान्तरण गरेर चलचित्र कस्तो बन्छ भन्ने बारेमा जानकारी दिएर काम सुरू गरेको बताए । साहित्यकारले लेख्दा सामान्य कथा जस्तो सुन्दर हुन्छ, चलचित्रमा त्यस्तै सुन्दर तवरले प्रस्तुति गरिएको निर्देशक खनालको दाबी छ ।

निर्देशक खनालले यस अगाडि 'के घर के डेरा' निर्देशन गरेका थिए । उस्तै नाम भए पनि यसपटक कथा र परिवेश फरक रहेको उनले बताए । किनकि 'के घर के डेरा' लाई 'कमेडी' शैलीमा प्रस्तुत गरिएको थियो भने यसपटक 'के घर के डेरा घर नं २' मा 'इमोसनल' शैली प्रयोग गरिएको छ ।

'मैले मनछुने चलचित्र तयार गरेजस्तो लागेको छ । किनकी यो घरबेटी, डेरावालसँगै सहरमा हुनेहरूको कथा हो । यसको सुन्दर पक्ष भनेकै चलचित्रमा रहेका पात्रहरू एकआपसमा जोडिएका छन् । उनीहरूले काठमाडौं सहरमा देखिने हरेक वर्गलाई प्रतिनिधित्व गरेको छन् भन्ने लागेको छ', निर्देशक खनालले भने ।

अभिनेता खगेन्द्र लामिछानेले निर्देशक खनालले झैं पटकथाको सुन्दरता पात्रहरूको उदयसँगै अवतरण रहेको बताए । आफैं लेखक भएकाले अभिनेता लामिछाने लेखनका क्रममा आइपर्ने कठिनाइसँग जानकार हुन् ।

'पात्रलाई चलचित्रमा जसरी सुरूआत गरिन्छ, त्यसको अन्त्य धेरैलाई मन पर्ने किसिमको बनाउन निकै कठिन हुन्छ । म आफैं लेखक भएकाले यस चलचित्रमा पटकथामा आएका सम्पूर्ण पात्र अर्थपूर्ण हुनुका साथै एकआपसमा जोडिएको छ र ती यत्तिकै हराउँदैनन्', उनले भने ।


'पशुपति प्रसाद' जस्तो चलचित्रमा लेखकसँगै अभिनेतासमेत रहनुभएका लामिछानेले 'अर्गानिक' भनेर अघोषित रूपमा बुझ्ने गरिएको ग्रामीण परिवेशसम्बन्धी बुझाइमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिए । नेपालका मौलिक विषय गाउँ मात्र नभई सहरकै पनि 'अर्गानिक' हुने उनको बुझाइ छ ।

'हामीले गाउँका कथालाई मात्र मौलिक वा 'अर्गानिक' भनेर सहरका कथालाई नजरअन्दाज गरिरहेका छौं । हामीले यो सोच बदल्नुपर्छ । किनकी गाउँभन्दा सहरका गरिब दयनीय हुन्छन् । उनीहरूले गाउँ जस्तो सहजै जीविकोपार्जन गर्न सक्दैनन् । त्यसकारण हामीले 'अर्गानिक'को परिभाषालाई बृहत् बनाउनुपर्छ', अभिनेता लामिछानेले भने ।

यस चलचित्रमा अभिनेत्री केकी अधिकारीले डेरावालको भूमिकामा छन् । अभिनेत्री अधिकारीले चलचित्रमा अन्य पक्षको कथा पनि देख्न पाइने बताइन् । 'डेरावाल वा घरबेटीको मात्र कथा होइन । चलचित्रमा रहेका पात्रहरू कसैको आफ्नै घर छ त, कसैको डेरा छ, कोहीसँग दुवै छैन । त्यसकारण यो कथालाई घरबेटी र डेरावालमार्फत प्रस्तुत गरिए तापनि यो समग्रमा सफलताका लागि मेहनत गरिरहेका सम्पूर्णको कथा हो', उनले भनिन् ।

चलचित्रमा आर्यन सिग्देल, उपासनासिंह ठकुरी, निश्चल बस्नेत, प्रकाश घिमिरेलगायत कलाकारले पनि अभिनय गरेका छन् । यो चलचित्र आगामी जेठ २ गतेदेखि प्रदर्शन हुने निर्माण पक्षले जनाएको छ ।

# पाँच करोडको लगानीमा 'राजकुमारी' बनाउने घोषणा




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'राजकुमारी' को औपचारिक निर्माण घोषणा गरिएको छ । करिब ५ करोड लगानी लागत अनुमान गरेर निर्माणमा होमिएको निर्माण टिमले चलचित्रको टाइटल सार्वजनिक गर्दै यस चलचित्रले प्रेम, सङ्घर्ष र साहसको अद्बितीय कथा नेपाली दर्शकमाझ प्रस्तुत गर्ने जानकारी दिएको छ ।

चलचित्रको लेखन तथा निर्देशन पुराना निर्देशक रिम विश्वकर्माले गर्दै छन् । निर्देशक विश्वकर्माले यस चलचित्रलाई 'ड्रिम प्रोजेक्ट' को रूपमा लिएको बताए । उनले भने, -'मैले यसअघि पनि केही चलचित्र बनाएको थिएँ, तर यो प्रोजेक्ट मेरो लागि डेब्यु निर्देशन जस्तै हुनेछ । यसका पछाडि केहि कारण छन्, त्यो म पछि खुलाउनेछु ।'

रेडलाइन्स फिल्म प्रालिको ब्यानरमा निर्माण हुने यस चलचित्रलाई पीबी थापाले एकल रूपमा लगानी गर्दै छन् । निर्माता थापाले यो चलचित्रको कथा र यसले उठान गर्ने विषयप्रति गहिरो रूपमा प्रभावित भएका कारण लगानी गर्न तयार भएको जनाए । थापाले भने, 'नेपाली दर्शकले पहिलोपटक फरक स्वादको एक गहिरो प्रेमकथा अनुभव गर्नेछन् । बाँकी कुरा शूभमुहुर्त कार्यक्रममा बोल्नेछौं ।'

फिल्मको मुख्य पात्र राजकुमारी को भूमिकाका लागि अभिनेत्रीको छनोट प्रक्रिया जारी रहेको जनाइएको छ । निर्माण टिमले केही चर्चित अभिनेत्रीहरूसँग कुराकानी गरिरहेको भएपनि मुख्य अभिनेत्री को हुने भन्ने विषय टुङ्गोमा नपुगेको निर्देशक विश्वकर्माले बताए । यद्यपि, चलचित्रका अन्य कलाकार र प्राविधिक टोलीको चयन लगभग अन्तिम चरणमा पुगेको निर्माण पक्षले जनाएको छ ।

चलचित्रको छायांकन प्रक्रिया केही महिनाभित्र सुरु गरिने गरी प्रि-प्रोडक्सनको काम भइरहेको बुझिएको छ । निर्देशक विश्वकर्माका आगामी भदौसम्म फ्लोरमा जानेगरी तयारी भइरहेको छ । चलचित्रको प्रदर्शन मिति भने अहिलेसम्म फाइनल गरिएको छैन ।

टाइटल अनुसार चलचित्र राजपरिवारसँग नजिक रहेर बन्न सक्ने अनुमान गर्न सकिन्छ । तर, निर्माण टिमले यसको कथावस्तु पूर्ण रूपमा खुलाएको छैन । निर्माण टिमले दर्शकलाई सस्पेन्समा राख्दै सबै विवरण चरणबद्ध रूपमा सार्वजनिक गर्ने तयारी गरेको छ ।

निर्देशक विश्वकर्माको चलचित्र 'हेल्लो काशीराम' आगामी जेठ २ गते देशव्यापी प्रदर्शनमा आउँदै छ । उनले पछिल्ला वर्षमा निर्देशनमा सक्रियता बढाएका छन् र 'राजकुमारी' मार्फत आफूलाई पूर्ण रूपमा निर्देशकको रूपमा स्थापित गर्ने दाबी गरेका छन् ।

नेपाली चलचित्र उद्योगमा नवप्रवेशी ऊर्जा र मौलिक कथावस्तुको खोजी भइरहेको बेला 'राजकुमारी' ले नयाँ तरंग ल्याउने अपेक्षा गरिएको छ । चलचित्रको काठमाडौंमा अधिकांश छायांकन हुनेछ भने अन्य केहि दृश्य मुस्ताङ, पोखरा लगायतका क्षेत्रमा पनि खिच्ने तयारी गरिएको छ ।



महिला टी-२० विश्वकप एसिया छनोट :

# बहराइनविरुद्ध नेपालको शानदार जित

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले आईसीसी महिला टी-२० विश्वकप एसिया छनोटको आफ्नो दोस्रो खेलमा नेपालले बहराइनलाई हराएको छ ।

थाइल्याण्डको तेरथाइ क्रिकेट मैदानमा भएको खेलमा नेपालले बहराइनलाई ९ विकेटले हराएको हो । वर्षा र वेट आउटफिल्डका कारण ५ ओभरमा छोट्याइएको खेलमा बहराइनले दिएको ४२ रनको लक्ष्य नेपालले ४.२ ओभरमा १ विकेट गुमाएर पूरा गऱ्यो । कविता कुँवरले सर्वाधिक १८ रन बनाउँदा सम्झना खड्का १३ रनमा तथा कप्तान इन्दु बर्मा ७ रनमा अविजित रहे ।



टस हारेर पहिले ब्याटिङ गरेको बहराइनले निर्धारित ५ ओभरमा १ विकेट गुमाएर ४१ रन बनाएको थियो । कप्तान दिपिका रंगासिकाले १३ बलमा सर्वाधिक ३४ रन बनाइन् । बहराइनले सुरुवात सुस्त गरेपनि कप्तान दिपिकाको आक्रमक ब्याटिङमा ५ ओभरमा चुनौतीपूर्ण योगफल खडा गर्न सफल भएको थियो । उनी श्रीलंकाबाट खेलिसकेकी खेलाडी हुन् ।

यसअघि शुक्रबारका लागि तय भएको हङकङसँगको पहिलो खेल अघिल्लो दिनको वर्षाले वेट आउटफिल्ड भएका कारण टस नै नभएर रद्द भएको थियो । नेपाल र हङकङले १-१ अंक बाँडे । अब नेपालले मंगलबार हङकङसँग खेल्ने छ ।

# आइसिसी लिग-२ का लागि नेपाली टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं –** रोहितकुमार पौडेलको कप्तानीमा आइसिसी क्रिकेट विश्वकप लिग २ खेल्ने अन्तिम टोली घोषणा भएको छ । मुख्य प्रशिक्षक स्टुअर्ट लले शनिबार लिग २ अन्तर्गत स्कटल्यान्ड भ्रमणका लागि १५ सदस्सीय अन्तिम टोली घोषणा गरेका हुन् ।

टोलीमा बसिर अहमद र नन्दन यादवले पुनरागमन गरेका छन् । टिममा दीपेन्द्रसिंह ऐरीले उपकप्तानी जिम्मेवारी पाएका छन् । विकेटकिपरद्वय आसिफ शेख र अनिलकुमार शाह अटाएका छन् । आरिफ शेख, कुशल भुर्तेल, भीम सार्की, गुलशनकुमार झा, सन्दीप लामिछाने, सोमपाल कामी, करण केसी, नन्दन यादव, रिजन ढकाल र ललित नारायण राजवंशी टोलीमा छन् । नेपालले २ जुन र ८ जुनमा स्कटल्यान्डसँग खेल्ने छ । यस्तै, ४ जुन र १० जुनमा नेदरल्यान्ड्ससँग खेल्ने तय छ ।

### दीपेन्द्रलाई उपकप्तानी

नेपाली राष्ट्रिय टोलीको उपकप्तानीको जिम्मेवारी दीपेन्द्रसिंह ऐरीले पुनः पाएका छन् । नेपाल क्रिकेट संघ (क्यान) शनिबार उनलाई पुनः उपकप्तानी जिम्मेवारी दिएको हो। सेन्ट्रल कन्ट्र्याकको विषयमा क्यान र खेलाडीबीच विवाद भएपछि २०७८ मंसिर २९ गते दीपेन्द्रसहित तत्कालीन कप्तान ज्ञानेन्द्र मल्ल, सोमपाल कामी र कमलसिंह ऐरी कारबाहीमा परेका थिए ।

यी चार जनालाई क्यानले सुरुको ६ महिना सेन्ट्रल कन्ट्र्याक नगर्ने निर्णय गरेको थियो । यस्तै, ज्ञानेन्द्रबाट कप्तानी र दीपेन्द्रबाट उपकप्तानी जिम्मेवारी क्यानले खोसेको थियो ।

त्यसपछि नेपाली टोलीको कप्तानी सन्दीप लामिछानेले पाएका थिए । उनी पनि कानुनी झमेलापमा परेसँगै रोहितकुमार पौडेललाई उक्त जिम्मेवारी क्यानले सुम्पिएको थियो ।

पोखरा स्पोर्ट्स् अवार्ड

# ओलम्पियन केसीलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'

■ प्रभाव संवाददाता

**गण्डकी–** नवौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डअन्तर्गत लाइफटाइम अचिभमेन्ट अवार्ड ओलम्पियन एवं सुटिङ प्रशिक्षक भगवती खत्री केसीलाई प्रदान गरिएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीद्वारा शुक्रबार पोखरामा आयोजित अवार्ड वितरण समारोहमा गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले उनलाई अवार्ड हस्तान्तरण गरे ।

यसअघि अवार्ड छनोट समितिले उक्त अवार्डका लागि केसीको नाम सिफारिस गरेको थियो । नेपाल सुटिङ सङ्घका उपाध्यक्ष केसीले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भई विभिन्न पदक हात पारिसकेकी छिन् । बागलुङकी उनी सन् २००० मा सिड्नीमा भएको २७औं ओलम्पिक खेलमा नेपालका तर्फबाट भाग लिई राष्ट्रिय कीर्तिमान राखेकी थिइन् ।

उनले इन्डोनेसियामा सन् १९९५ मा सम्पन्न आठौं एसियन सुटिङ च्याम्पियनसिप, सन् १९९५ मा भारतको मद्रासमा भएको सातौं साफ गेम, सन् १९९७ मा भारतको न्यू दिल्लीमा सम्पन्न दोस्रो साफ सुटिङ च्याम्पियनसिप, थाइल्यान्डको बैंककमा सन् १९९८ मा सम्पन्न १३औं एसियन गेम, काठमाडौंमा सन् १९९९ मा सम्पन्न आठौं साफ गेम, पाकिस्तानमा सन् २००० मा सम्पन्न नवौं साउथ एसियन सुटिङ च्याम्पियनसिप, कोलम्बोमा सन् २००६ मा सम्पन्न १०औं साउथ एसियन गेममा सहभागिता जनाएकी थिइन् ।



केसीले नवौं राष्ट्रिय महिला सुटिङ प्रतियोगिता प्रथम, शुभजन्मोत्सव आठौं सुटिङ प्रतियोगिता २०५१ मा प्रथम, १२औं राष्ट्रिय सुटिङ प्रतियोगिता २०५३ मा प्रथम, प्रथम खुला सुटिङ प्रतियोगिता २०५१ मा प्रथम, चौथौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०५५ मा प्रथम र पाँचौ राष्ट्रिय प्रतियोगिता दोस्रो स्थान हासिल गरेकी थिइन् । २०५७ मा गोरखा दक्षिण बाहुबाट सम्मानित उनलाई सरकारले २०६३ उत्कृष्ट खेलाडी घोषित गरेको थियो ।

अवार्ड पाउँदा आफूले खेलका लागि बिताएको विगतप्रति गौरवको महसुस भएको उनले बताइन् । केसीले खेलकुदमार्फत देशलाई चिनाउन आफूले सक्दो भूमिका निर्वाह गरेको बताइन् । उचित प्रशिक्षण र वातावरण पाएमा नेपाली खेलाडीले सुटिङमा अन्तरराष्ट्रिय पदक जित्न सक्ने उनको भनाइ छ ।



पाकिस्तान र भारतबीच युद्धविराम भएपछि शनिबार पाकिस्तानको मुल्तानमा मिठाई आदानप्रदान गरेर खुसीयाली मनाउँदै पाकिस्तानी जनता । *तस्बिरः एएफपी*

# अमेरिका र चीनबीच व्यापार युद्ध कम गर्न बैठक



**जेनेभा–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यापक रूपमा कर वृद्धि गरे बेइजिङको कडा प्रतिशोधका कारण उत्पन्न व्यापार युद्धलाई कम गर्न अमेरिका र चीनका वरिष्ठ अधिकारीहरूबीच शनिबार जेनेभामा बैठक भएको छ ।

गत महिना ट्रम्पले चीनमाथि नयाँ कर लगाएपछि विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीच भएको पहिलो वार्तामा अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीर र चीनका उपप्रधानमन्त्री हे लिफेङसहितका अधिकारीबीच भेटवार्ता भएको हो । जेनेभास्थित संयुक्त राष्ट्रसंघका लागि स्विट्जरल्याण्डका राजदूतको निवासमा शनिबार मध्याह्नदेखि सुरु भएको बन्द कोठाको छलफल आइतबार पनि जारी रहने बताइएको छ। एएफपीका पत्रकारहरूका अनुसार मध्याह्न भोजनको समयमा केही समयको विश्रामपछि प्रतिनिधिमण्डल जेनेभा तालको बायाँ किनारामा रहेको एउटा ठूलो पार्क नजिकै आकाशे नीलो सटर भएको एकान्त भिल्लामा फर्केको थियो ।

ट्रम्पले यस वर्षको सुरुदेखि नै चीनमाथि लगाएको कर हाल १४५ प्रतिशत रहेको छ भने केही चिनियाँ सामानमा अमेरिकी कर २४५ प्रतिशत पुगेको छ । त्यसको बदलामा चीनले अमेरिकी सामानमा १२५ प्रतिशत कर लगाएको छ, जसले विश्वका दुई ठूला अर्थतन्त्रबीचको व्यापार प्रतिबन्धलाई थप मजबुत् बनाएको छ । ट्रम्पले शुक्रबार चिनियाँ आयातमा उच्च कर घटाउन सक्ने संकेत दिँदै सामाजिक सञ्जालमार्फत 'चीनमाथि ८० प्रतिशत कर लगाउनु सही देखिन्छ' भनेका छन् ।

'राष्ट्रपति ट्रम्प चीनसँग मिलेर काम गर्न चाहनुहुन्छ, उन स्थितिलाई कम गर्न चाहनुहुन्छ,' अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले फक्स न्युजसँगको कुराकानीमा भने ।

ट्रम्पकी प्रेससचिव कारोलिन लिभिटले अमेरिकाले एकतर्फी रूपमा कर नघटाउने स्पष्ट पार्दै चीनले पनि सहुलियत दिनुपर्ने बताएकी छन् । उनका अनुसार कुनै पनि अवस्थामा वार्ताको त्यो स्तरमा एक प्रतीकात्मक इशारा हुने छ । करहरू निषेधात्मक रूपमा समर्पित रहने छन् ।

## तनावपूर्ण सम्बन्ध

'सेन्टर फर स्ट्राटेजिक एण्ड इन्टरनेसनल स्टडिज'का वरिष्ठ सल्लाहकार बिल रेइन्स्चले वासिङ्टन र बेइजिङबीचको सम्बन्ध राम्रो नभएको बताए । 'हामीसँग व्यापार-निषेधात्मक शुल्कहरू दुवै दिशामा जाँदै छन्,' अमेरिकी सरकारको अमेरिका-चीन आर्थिक तथा सुरक्षा पुनरवलोकन आयोगका पूर्वसदस्य रहेका रेइन्स्चले भने, 'सम्बन्ध बिग्रँदै गएको छ ।' उनले थपे, 'तर यो बैठक राम्रो संकेत हो ।'

'चाइना युरोप इन्टरनेसनल बिजनेस स्कुल'मा अर्थशास्त्र र वित्तका प्राध्यापक शु बिनले एएफपीसँग भने, 'मलाई लाग्छ, यो मूलतः दुवै पक्षले कुराकानी गरिरहेका छन् भन्ने देखाउनका लागि हो र यो आफैंमा धेरै महत्त्वपूर्ण छ किनभने चीन एकमात्र देश हो जसले ट्रम्पको कर वृद्धिको प्रतिशोधस्वरूप चीन आयात हुने अमेरिकी सामानमा कर वृद्धि गरी 'टिट फर ट्याट्' नीतिलाई अवलम्बन गरेको छ ।'

अमेरिकाले पहिले कर हटाउनुपर्नेमा जोड दिँदै आफ्नो बेइजिङले हितको रक्षा गर्ने प्रतिबद्धता जनाएको छ । बेसेन्टले स्विट्जरल्याण्डमा हुने बैठक 'ठूलो व्यापार सम्झौता' मा नभई 'तनावलाई कम गर्ने' उद्देश्यमा केन्द्रित हुने बताएको छ ।

जेनेभास्थित विश्व व्यापार संगठनका प्रमुख नगोजी ओकोञ्जो इवेलाले शुक्रबार वार्ताको स्वागत गर्दै यसलाई 'तनाव कम गर्ने दिशामा सकारात्मक र रचनात्मक कदम' भएको बताएका छन् ।

## १० प्रतिशत 'आधारबिन्दु'

व्यापार युद्धका बावजुत गत महिना चीनको निर्यात बढेको भन्ने समाचारले चीनका उपराष्ट्रपति शुक्रबार चर्चामा आएका थिए । यो अनपेक्षित विकासलाई विशेषज्ञहरूले अमेरिकी करको प्रभाव कम गर्न दक्षिणपूर्व एसियामा व्यापारको पुनःमार्गका लागि जिम्मेवार ठहऱ्याएका थिए ।

ट्रम्पले कुनै पनि देशसँग भएको पहिलो सम्झौता अर्थात् बेलायतसँग भएको व्यापार सम्झौता सार्वजनिक गरेको दुई दिनपछि बेसेन्ट र चिनियाँ उपराष्ट्रपतिबीच भेटवार्ता भएको हो । बेलायती कार, इस्पात र आल्मुनियममा कर समायोजन गर्ने लण्डनसँगको पाँच पृष्ठको अनौपचारिक कागजातले निराश लगानीकर्ताहरूलाई संयुक्त राज्य अमेरिका हालको कर्तव्यहरूबाट क्षेत्र-विशिष्ट करमा राहतका लागि वार्ता गर्न इच्छुक छ भन्ने पुष्टि गरेको छ ।

त्यसको बदलामा बेलायतले अमेरिकी बिफ र अन्य कृषि उत्पादनका लागि आफ्नो बजार खुला गर्न सहमति जनाएको थियो । तर अधिकांश बेलायती सामानमा १० प्रतिशत आधारभूत कर कायमै रहेको र अमेरिकासँगको वार्तामा रहेका अन्य मुलुकका लागि पनि यसलाई कायम राख्न ट्रम्प प्रतिबद्ध रहेको लिभिटले शुक्रबार सञ्चारकर्मीसँग बताए ।

त्यसको केही घण्टापछि ट्रम्पले उनको खण्डन गर्दै सही सम्झौतामा पुग्न सकेमा मात्र आधारबिन्दुमा केही लचिलोपन हुन सक्ने सुझाव दिएका थिए । 'कुनै न कुनै बिन्दुमा अपवाद हुन सक्छ । हामी हेर्छौं,' उनले भने, 'यदि कसैले हाम्रा लागि केही असाधारण काम गऱ्यो भने, त्यो सधैं सम्भव छ ।' *रासस⁄एएफपी*

# गीत बजाएको आरोपमा १४ जना पक्राउ

**काबुल–** अफगानिस्तानको उत्तरी क्षेत्रमा तालिबान अधिकारीहरूले सत्ता सम्हालेयता प्रतिबन्धित वाद्यवादन र गीत गाउने १४ जनालाई शुक्रबार पक्राउ गरेको प्रान्तीय प्रहरीले शनिबार जनाएको छ । तालिबान सरकारले सन् २०२१ मा सत्ता कब्जा गरेदेखि नै इस्लामी कानुनप्रतिको उनीहरूको कठोर दृष्टिकोणलाई प्रतिविम्बित गर्ने कानुन र नियमहरू निरन्तर लागू गर्दै आएको छ ।

प्रतिबन्धित गीत संगीतलाई सार्वजनिकरूपमा प्रत्यक्ष प्रदर्शनदेखि लिएर जमघटमा, रेस्टुरेण्टमा, कारमा वा रेडियो र टिभीमा बजाउनसमेत निषेध गरिएको छ । प्रहरीले एक विज्ञप्ति जारी गर्दै बिहीबार राति उत्तरी तखार प्रान्तको राजधानीमा 'रातको समयको फाइदा उठाउँदै' एक आवासीय घरमा भेला भई १४ जनाको एक समूहले बाजा बजाइरहेका थिए र गीत गाइरहेका थिए । प्रशासनले ती गीतले जनतामा अशान्ति पैदा गरेको आरोप लगाइएको छ ।

पक्राउ परेकाहरूमाथि अनुसन्धान भइरहेको बताइएको छ। तालिबानले अफगानिस्थानको सत्ता आफ्नो कब्जामा लिएपछि अधिकारीहरूले संगीत विद्यालयहरू बन्द गरेका थिए र संगीतले 'नैतिक भ्रष्टाचार' र सार्वजनिक अशान्ति निम्त्याएको भन्दै वाद्ययन्त्र र ध्वनि प्रणालीहरू भाँच्ने फुटाउने वा जलाउने गरेका थिए ।

विवाह घरहरूमा अहिलेसंगीत बजाउन अनुमति छैन तर अलग-अलग महिला समूहहरू प्रायः गोप्यरूपमा भेला भई गीत संगीतको आनन्द लिने गर्छन्। अफगानिस्तानमा आफ्नो जीविकोपार्जन गुमाएपछि धेरै अफगानी संगीतकर्मीहरू डरले वा कामको खोजीमा तालिबान प्रशासित यस मुलुकबाट पलायन भएका छन्।

तालिबान अधिकारीहरूले पूर्वसंगीतकारहरूलाई उनीहरूको अघिल्लो शासनमा १९९६-२००१ को शासनकालमा अनुमति दिइएको गीत संगीत सिर्जना गर्न र आफ्नो प्रतिभालाई इस्लामी कवितातर्फ केन्द्रित गर्न वा श्लोकहरूमा इस्लाम मन्त्र समेट्न प्रोत्साहित गर्ने गरेका छन् । *रासस⁄एएफपी*

# 'सिरियामा मानवीय संकट गहिरिँदै, सहायता अपिलमा मात्र १० प्रतिशत सहयोग'

**संयुक्त राष्ट्रसंघ–** सिरियामा नोभेम्बर महिनादेखि हालसम्म छ लाख ७० हजार मानिस विस्थापित भएका छन् भने १० लाखभन्दा बढी नागरिकहरू आफ्ना घरहरूमा पुनः फर्किएका संयुक्त राष्ट्रसंघ मानवतावादी निकायले जनाएको छ ।

संयुक्त राष्ट्रसंघको मानवीय सहायतासम्बन्धी समन्वय कार्यालयका अनुसार विष्फोटक पदार्थ तथा अन्य खतरनाक उपकरणहरूको जोखिमबीच मानिसहरू देशभरि आवतजावत गरिरहेका छन्, जसका कारण हालसम्म पनि सिरियामा नागरिकहरू गम्भीररूपले घाइते र मृत भइरहेका छन् ।

सन् २०२४ को डिसेम्बर १२ गतेदेखि अहिलेसम्म ३६७ जनाको ज्यान गएको छ र ५४२ जना घाइते भएका छन्, तीमध्ये एकतिहाइ बालबालिका रहेका छन् । राष्ट्रसंघले आफ्नो साझेदार संस्थाहरूको सहयोगमा विस्थापितहरूका लागि अस्थायी आवास, जीविकोपार्जनका अवसर सिर्जना, खानेपानी आपूर्ति सुधार, खाद्यान्न तथा पोषण सहयोगजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ । यद्यपि, आर्थिक अभावका कारण यी कार्यहरू सञ्चालन गर्न कठिनाइ भइरहेको जनाइएको छ ।

हाल सिरियामा मानवीय संकटबाट प्रभावित करिब ८० लाख मानिसलाई सहायता पुऱ्याउने लक्ष्यसहित राष्ट्रसंघले दुई अर्ब डलर बराबरको सहयोगको अपिल गरेको छ, तर हालसम्म त्यसको केवल १० प्रतिशत अर्थात् करिब २० करोड डलरमात्र जुट्न सकेको छ । *रासस⁄सिन्ह्वा*

# क्यानडाको श्रम बजारमा सुस्तता, बेरोजगारी दर निरन्तर बढ्दै



**ओटावा–** क्यानडाको बेरोजगारी दर अप्रिल महिनामा ०.२ प्रतिशत अंकले वृद्धि भई ६.९ प्रतिशतमा पुगेको छ । यसअघि मार्चमा पनि ०.१ प्रतिशत अंकको वृद्धिसँगै बेरोजगारी दर बढेको राष्ट्रिय तथ्यांक निकाय स्टयाटिस्टिक्स क्यानडाले शुक्रबार जानकारी दिएको छ ।

यो वृद्धिसँगै बेरोजगारी दर सन् २०२४ को नोभेम्बरमा पुगेको स्तरमा फर्किएको हो । निकायका अनुसार, अप्रिल महिनामा रोजगारी खोजिरहेका व्यक्तिहरूले अघिल्लो वर्षको तुलनामा अझै बढी कठिनाइको सामना गर्नु परेको देखिएको छ । मार्चमा बेरोजगार रहेका ६१ प्रतिशत व्यक्ति अप्रिलमा पनि बेरोजगार नै रहेका थिए, जुन अघिल्लो वर्षको तुलनामा उच्च अनुपात हो ।

अप्रिलमा समग्र रोजगारीमा खासै परिवर्तन देखिएन भने रोजगारी दर ०.१ प्रतिशत अंकले घटेर ६०.८ प्रतिशतमा झरेको बताइएको छ । १५ देखि ६९ वर्ष उमेर समूहका कर्मचारीहरूमध्ये १३.२ प्रतिशतले आफ्नो कार्यस्थलमा आगामी छ महिनाभित्र कर्मचारी संख्या घट्ने अपेक्षा व्यक्त गरेका छन् । यस्तै, अमेरिकी मागमा निर्भर क्यानाडेली निर्यात उद्योगमा कार्यरत कर्मचारीहरूमध्ये यो अनुपात १८.६ प्रतिशत रहेको स्टयाटिस्टिक्स क्यानडाले जनाएको छ । *रासस⁄सिन्ह्वा*


**Gauriganga Municipality**
**Office of Municipal Executive**
**Chaumala, Kailali**
**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2025/05/11 (28th Baishakh 2082)**

1. We invites Electronic Bid from eligible bidders for the of **Procurement of Agricultural Inputs under the Mayor's Agricultural Modernization Pocket Area Development Program.**

| Contract Id | Description | Estimated amount(without Vat, Vat should be added on vatable items only) Nrs | Bid doc Fee, Nrs | Bid Security, Nrs | Bid Security Validity | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| GGM/ GOODS/ NCB/ 03/2081/82 | Procurement of Agricultural Inputs under the Mayor's Agricultural Modernization Pocket Area Development Program | Rs. 3252259.29/- | Rs. 3000 | Rs.95000/- | 120 days from last date of submission | 2082/02/27 (2025/06/10), 12 PM | 2082/02/27 (2025/06/105), 1 PM |

2. Further information and inspect the Bidding Documents at the office of Email: info.gaurigangamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १९०८०० | ० | १९६० |



**पर्यटकीय खप्तड** | सुदूरपश्चिम प्रदेशको प्रमुख पर्यटकीय क्षेत्र खप्तड । बझाङ, बाजुरा, अछाम र डोटीको बिच भागमा पर्ने खप्तड क्षेत्र २२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । २२ पाटन, ५२ झोतीको नामले परिचित खप्तड क्षेत्र अवलोकनका लागि बर्सेनि हजारौँको संख्यामा पर्यटक आउने गर्दछन् । *तस्बिरः भूमिराज पिठातोली/रासस*

# 'बजेट विनियोजन कुशलता र कार्यान्वयन दक्षता बढाऔं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणमा बजेट विनियोजन कुशलता र कार्यान्वयन दक्षता बढाउनु पर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको 'विनियोजन कुशलता र वास्तविक बजेट' विषयक पूर्वबजेट छलफल कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै पूर्व मुख्यसचिव डा. बैकुण्ठ अर्यालले बजेट तर्जुमा, विनियोजन, कार्यान्वयन, अनुगमन मूल्यांकनजस्ता बजेट चक्रमै समस्या रहेको उल्लेख गरे । यसलाई सुधार गरिनुपर्ने आवश्यकता उनले औंल्याए । पछिल्लो ५० वर्षमा विनियोजनअनुसार सधैंजसो कम खर्च हुने गरेको तथ्य उल्लेख गर्दै उनले पाँच दशकमा औसत ८६ दशमलव ९७ प्रतिशत बजेट खर्च भएको तथ्यांक प्रस्तुत गरे । नयाँ व्यवस्था कार्यान्वयपछिका वर्षमा पनि खर्चको प्रभावकारिता देखिन नसकेको उनको भनाइ छ ।

'संविधान आएको पछिल्ला १० वर्षमा तीन पटकमात्र ८० प्रतिशत भन्दा बढी बजेट खर्च भएको छ । पछिल्लो १३ वर्षमा चालु शीर्षकमा औसत ८४ दशमलव ७६, पुँजीगत औसत ६७ दशमलव ८० र वित्तीय व्यवस्थातर्फ औसत ८१ दशमलव ५२ प्रतिशत बजेट खर्च भएको छ । यसरी हेर्दा औसत ८० दशमलव ५८ प्रतिशत मात्रै खर्च भएको देखिन्छ', पूर्व मुख्यसचिव अर्यालले भने, रक्षा, सार्वजनिक शान्ति सुरक्षा र मनोरञ्जन, सँस्कृति तथा धर्ममा भने विनियोजन अनुसार बढी खर्च देखिएको तर पुँजी निर्माणमा हुने क्षेत्रमा ८० प्रतिशत भन्दा कम मात्र खर्च भएको तथ्य उनले प्रस्तुत गरे ।

तर्जुमामा समस्या रहेको, विनियोजन दक्षता नदेखिएको, स्रोतको तुलनामा अत्यधिक माग, कार्यान्वयनका पूर्वशर्त पूरा नभएका र अध्ययन नै नभएका आयोजनामा बजेट माग गर्ने प्रवृत्तिजस्ता समस्या उनले औंल्याए । त्यस्तै, बजेट विनियोजन, खर्च र नतिजाबीचको सम्बन्ध स्थापना गर्न कठिन रहेको, अन्तिम समयमा बजेट राख्ने प्रवृत्ति बढ्दोक्रममा रहेको अर्यालले उल्लेख गरे ।

निवृत्तिभरण तथा सामाजिक सुरक्षाको बढ्दो दायित्व, वैदेशिक भ्रमणमा जाने प्रतिनिधिमण्डलको बढ्दो संख्या, सवारीसाधनको वृद्धिले गर्दा इन्धन खर्च, बढ्दो आर्थिक सहायता र औषधोपचार खर्च, विगतका वर्षमा दिइएका स्रोत सुनिश्चितताको सिर्जीत दायित्वमा लगातार वृद्धि भइरहेको र यसको अद्यावधिक लेखाङ्कनसमेत हुन नसकेको उनले समस्या औंल्याए । त्यस्तै मध्यमकालीन खर्च संरचनाको पालना हुन नसकेको, निर्णय नगर्ने प्रवृत्ति बढ्दै गएको, क्रमागत आयोजनामा पर्याप्त बजेट नहुनु, सार्वजनिक खरिद कानूनमा पटक पटक संशोधन गर्दा अन्यौल सिर्जना हुनु, एउटै काममा लागि दोहोरो बजेट पर्नु, विगतमा स्रोत सुनिश्चितता दिइएका आयोजनामा बजेट अपुग हुनु, वैदेशिक सहायताका शर्तहरू जस्तै खर्चका लागि दोहोरो तेहेरो स्वीकृति लिनुपर्ने अवस्था रहेको उनले बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठले बजेटमा मुख्यगरी तीनवटा विरोधाभाष रहेको बताए । 'पहिलो, शुरुमा विस्तारकारी बजेट आउँछ तर कार्यान्वयन गर्दा संकुचन देखिन्छ । दोस्रो, संघीय सरकार बजेट घाटामा छ तर, तीनवटै तहको सरकारको जोड्दा बचतमा देखिन्छ । तेस्रो, आयोजनाको प्राथमिकीकरण निकै कमजोर छ,' डा. श्रेष्ठले भने । यी तीनवटा विरोधाभाष चिर्न आवश्यक रहेको उनको भनाइ छ ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष सुजन ओलीले स्रोतमा चाप बढिरहने तर बजेट विनियोजनमा अनुशासन नदेखिँदा समस्या देखिएको बताए । बजेटलाई कार्यान्वयनयोग्य र नतिजामुखी बनाउन विनियोजन कुशलता र कार्यान्वयन प्रभावकारिता महत्वपूर्ण हुने भएकाले आगामी आर्थिक वर्षको बजेट बनाउँदा सरकारले यी कुरामा विशेष ध्यान दिनुपर्नेमा उनको जोड थियो ।

नेपाल नगरपालिका संघका महासचिव नरुलाल चौधरीले संघ सरकारले प्रदेश र स्थानीय तहमा पठाउने वित्तीय समानीकरण अनुदान कटौती गर्दा समस्या सिर्जना भएको बताए । 'भुक्तानीको बेला बजेट काटिनु भनेको सबैभन्दा ठूलो समस्या हो । दायित्व सिर्जना भईसकेको हुन्छ, तर भुक्तानी दिने बेला बजेट काटिँदा समस्या भएको छ', उनले भने ।

## आयोजना तथा कार्यक्रममा व्यापक हेरफेर र प्राथमिकीकरण गर्छौं : *अर्थमन्त्री पौडेल*

**काठमाडौं (प्रस)–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटलाई कार्यान्वयनयोग्य तथा नतिजामुखी बनाउन बजेटमा राखिने योजना तथा कार्यक्रममा व्यापक हेरफेर गरिने बताए ।

सेजनले आयोजना गरेको 'विनियोजन कुशलता र वास्तविक बजेट' विषयक पूर्वबजेट छलफल कार्यक्रममा जवाफ दिँदै अर्थमन्त्री पौडेलले स्रोतको चुनौतीपूर्ण अवस्थालाई हेरेर योजनाको प्राथमिकीकरण गरिने बताए । बजेट प्रणालीमा नै समस्या रहेको उल्लेख गर्दै उनले त्यसको समाधानका लागि केहि हस्तक्षेपकारी नीति अवलम्बन गरिने स्पष्ट पारे ।

'बजेट विनियोजन र कार्यान्वयनका बीचमा ठूलो खाडल सिर्जना भएको छ र त्यसो हुनुमा हामी नै जिम्मेवार छौं । चालु आर्थिक वर्षमा मात्रै ११ हजारभन्दा बढी योजना प्रोजेक्ट बैंकमा थपिनुले पनि हाम्रो विनियोजन कुशलता कति छ भन्ने देखाउँछ,' उनले भने । 'अहिले म थप खाल्डो खन्न होइन त्यसलाई पूर्न खोजिरहेको छु । मैले यसमा सबै क्षेत्रको साथ खोजेको छु ।' आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक बनाउन प्रयास गर्ने र कार्यान्वयन सुनिश्चितासहितको बजेट ल्याउने उनको दावी छ । त्यस्तै, कुशलतासहितको विनियोजन गर्ने, अनुशासनतर्फ फर्किन प्रयास गर्ने र असीमित दायित्वलाई प्राथमिकीकरण गर्ने अर्थमन्त्री पौडेलेले उल्लेख गरे ।

अर्थतन्त्रका परिसूचकहरू विस्तारै सुधार हुँदै गएको भएपनि विगतमा स्रोत व्यवस्थापनको ठूलो खाडल देखिएकाले त्यसलाई पुर्न अझै केहि समय लाग्ने उनको भनाइ छ । बजेट प्रणालीलाई मार्गदर्शन गर्ने महत्वपूर्ण दस्तावेजका रूपमा संविधान रहेकाले सोहिअनुसारको नीति अबलम्बन गरिने पनि अर्थमन्त्री पौडेलले स्पष्ट पारे ।संविधानमा अधिकारको सूची स्पष्ट रूपमा आएको तथा त्यसलाई अझ प्रभावकारी बनाउन कार्यविस्तृतीकरण प्रतिवेदन बनाइएको उल्लेख गर्दै उनले संघ सरकारले साना आयोजनामा बजेट नहाल्ने बताए । संघीय महत्वका आयोजना मात्रै बजेटमा पार्ने प्रतिवद्धता उनले दोहोर्याए ।

'अहिले संघले छुट्याउने बजेटमा संघका कार्यक्रम मात्रै छैनन् प्रदेश र स्थानीय तहका पनि छन् । अझ केहि आयोजना त उपभोक्ता समितिले गर्नुपर्ने प्रकृतिका पनि संघीय सरकारको बजेटमा पर्ने गरेका छन् । यसकारण संघले कार्यान्वयन गर्नुपर्ने आयोजना र कार्यक्रमको संख्या निकै कम हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौं', अर्थमन्त्री पौडेलले भने ।

# 'व्यावसायिक योजनाबिनै दुई अन्तर्राष्ट्रिय विमानस्थल बनाइयो'

■ प्रभाव संवाददाता



**भैरहवा –** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल कुनै ठोस व्यावसायिक योजनाबिना निर्माण गरिएको आरोप लगाएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देहीले विमानस्थल सञ्चालनका लागि शनिबार भैरहवामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उहाँले भ्रष्टाचार र विमानस्थल सञ्चालनको मुद्दासँगसँगै लैजानुपर्ने आवश्यकता औँल्याए । अध्यक्ष लिङ्देनले मुआब्जा वितरणमा अनियमितता भएको संकेत गर्दै चर्को मूल्यमा आवश्कयताभन्दा बढी जग्गा अधिग्रहण गरिएको दाबी गर्नुभयो । 'रु ४१ अर्ब लगानी गरेर यो नचल्ने एयरपोर्ट कसले बनायो ? उद्घाटन भएको यतिका वर्ष हुँदा पनि दुवै विमानस्थल किन सञ्चालनमा आउन सकेन ? यस विषयले संसद्मा प्रवेश गरेको छ', उनले भने, 'यसै विषयमा पनि सार्वजनिक लेखा समितिअन्तर्गत छानबिन उपसमिति बनेको र त्यो समितिको काम अनियमितताको छानबिन गर्नाका साथै विमानस्थल कसरी सञ्चालनमा ल्याउन सकिन्छ भन्ने पनि रहेको छ । सोहीअनुसार प्रतिवेदन तयार भइसकेको छ ।'

अध्यक्ष लिङ्देनले पोखरा विमानस्थल प्राविधिक रूपमा सञ्चालनमा आउन कठिनाइ रहे पनि भैरहवा विमानस्थल सञ्चालनमा आउन धेरै समस्या नरहेको बताए । श्रम, मेनपावर, भिसा सेन्टरलगायतका आवश्यक पूर्वाधार सरकारको एउटै निर्णयमा यहाँ आउन सक्ने भएकाले यसतर्फ सरकारको ध्यानाकर्षण गराउने उनले प्रतिबद्धता जनाए । यसअघि अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले भैरहवा तथा यस आसपासका जनताले विमानस्थल सञ्चालनका लागि पटकपटक प्रयास गरे पनि असफल भएको भन्दै निराशा व्यक्त गरे । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले राजनीतिक दलको होडबाजीमा विमानस्थल निर्माण भएको बताए । उनले सरकारले गरेको आग्रहअनुसार उद्योगी व्यवसायीले पूर्वाधारमा करिब रु ८० अर्ब लगानी गरे पनि लगानी डुब्ने खतरा बढेको बताए ।

उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले व्यावसायिक सम्भाव्यता अध्ययन नै नगरी विमानस्थल निर्माण गरिएको जस्तो भएको जिकिर गरे । सिद्धार्थ उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भैरहवावासीका लागि विमानस्थलमा भएको भ्रष्टाचारभन्दा पनि विमानस्थल सञ्चालनको विषय नै प्रधान रहेको बताए । उनले विमानस्थल सञ्चालनको विषयलाई विषयान्तर गर्नका लागि भ्रष्टाचारको मुद्दा उठान गरिएको जिकिर गरे ।

# तयार भयो सेती नदी जलविद्युत् आयोजना

■ प्रभाव संवाददाता



**काठमाडौं –** कास्की जिल्लाको माछापुच्छे गाउँपालिका तथा पोखरा महानगरपालिका स्थित सेती नदीमा २५ मेगावाट क्षमताको सेतीनदी जल विद्युत आयोजनाको निर्माण सम्पन्न भएको छ । भिजन लुम्बिनी ऊर्जा कम्पनीद्वारा प्रवर्द्धित आयोजना निर्माण सम्पन्न भई औपचारिक उदघाटन भई नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा जोडिइसकेको छ ।

विसं २०७५ असोज २६ गते पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडबाट एक हजार ५०० सयभन्दा बढि संस्थापक लगानीकर्ता यस आयोजनाका मालिक भएको कम्पनीका अध्यक्ष जगत पोखरेलले जानकारी दिए । विसं २०७७ सालमा निर्माण सुरुवात गरेको आयोजनाको निर्माणकार्य सम्पन्न भई मिति २०८१ कात्तिक २७ गतेदेखि प्राधिकरणले विद्युत् खरिद गर्न सुरु गरेको छ । आयोजना सञ्चालनमा आएपछि हालसम्म हरेक महिना विद्युत् खरिद सम्झौतामा तोकिएभन्दा राम्रो ऊर्जा उत्पादन भइरहेको आयोजनाले जनाएको छ ।

सेतीनदी जलविद्युत आयोजनाबाट उत्पादित बिजुली लाहाचोक सबस्टेसनसम्म १३२ केभी क्षमताको चार किलोमिटर लामो प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय प्रशारण लाइनमा जोडिएको छ । झण्डै रु छ अर्ब लगानी रहेको यस आयोजनाबाट उत्पादित बिजुलीबाट सुरुको वर्षमा वार्षिक रू ८७ करोड आम्दानी गर्नेछ । आयोजनामा एनएमबि बैंकको नेतृत्वमा कर्मचारी सञ्चय कोष र कृषि विकास बैंकको ऋण लगानी रहको छ ।

आयोजनाका लागि बैंककातर्फबाट तत्कालिन अवस्थामा अनुमानीत कूल लागतको ७० प्रतिशत ऋण र ३० प्रतिशत संस्थापक लगानीकर्ताको स्वपूजी लगानी रहेको छ । कार्यक्रममा पूर्वअर्थमन्त्री डा युवराज खतिवडा, स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीलगायतले ऊर्जा उत्पादनमा भिजन लुम्बिनीले स्थापना गरेको मानक उदाहरणीय रहेको बताए ।

# कृषिमा १० प्रतिशत बजेट माग

■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि कृषि क्षेत्रमा कूल बजेटको १० प्रतिशत बजेट विनियोजन गर्न माग गरेको छ ।

नेकपा एमालेको कृषि तथा पशुपक्षी विकास विभागको आज ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बसेको बैठकले कृषि उत्पादनमा आत्मनिर्भर बनाउन १० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने विभाग प्रमुख केदार न्यौपानेले बताए ।

'कृषिमा रूपान्तरणकारी परियोजनाका रूपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पुनःसंरचना गर्ने, नीति कार्यक्रममा घोषणा भएअनुसार कृषिमा आत्मनिर्भर, रोजगार, स्थानीय उद्यमशीलता वृद्धि गर्नेगरी ठोस कार्यक्रम ल्याउनुपर्ने, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्ग केन्द्रित 'विशेष कृषि विकास परियोजना' घोषणाका लागि कृषि क्षेत्रमा न्यूनतम १० प्रतिशत बजेट विनियोजन गर्नुपर्दछ', उनले भने ।

बैठकले कृषिउपजको समर्थन मूल्य तय गर्दा बाली लगाउनका लागि त्यस वर्ष भएको नगद खर्च (श्रम, बीउ, खाद्य सिँचाइ), पारिवारिक श्रमको लगानी, जमिनको भाडा, कूल पुँजी र यसको ब्याज र एकतिहाइ नाफा जोडेर गरिनुपर्ने माग गरेको छ ।

संघ, प्रदेश र स्थानीय तहबाट आमकिसानले प्राप्त गर्ने सेवालाई चुस्तदुरूस्तका साथै सेवा प्रणालीलाई प्रभावकारी बनाउन सरकारले नियमनकारी, प्रदेश तहले विकास सहजीकरण र स्थानीय तहले सेवा प्रदायकको भूमिका निर्वाह गर्नुपर्नेसमेत बैठकले माग गरेको छ ।

कृषि उत्पादनको प्रयोजनका लागि (माछा, पशुपालन, च्याउ र साना सिँचाइ) उपयोग हुने विद्युत् महसुललाई कृषि महसुलमा समावेश गरी विद्युत् महसुलमा ७५ प्रतिशत छुट गरी सहुलियत दिनुपर्ने, कृषि बजारमा स्थानीय उत्पादनहरू ब्रिक्री वितरणलाई प्राथमिकता दिनुपर्ने, किसान कार्डका आधारमा निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गर्न आग्रह गर्ने निर्णय गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ